वर्ष : १३, अंक : ४३, काठमाडौं, २०७४ फागुन ४ गते शुक्रबार 16 February 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## नेपालका प्रधानमन्त्रीहरू

**मुख्तियारीहरू**

| | |
|---|---|
| १. भीमसेन थापा | गैररमधेशी |
| २. रणबहादुर शाह | गैरमधेशी |

**मूलकाजीहरू**

| | |
|---|---|
| १. दामोदर पाँडे | गैरमधेशी |
| २. गोपाल पाँडे | गैरमधेशी |

**मन्त्रिपरिषदका अध्यक्षहरू**

| | |
|---|---|
| १. सुवर्ण शमशेर | गैरमधेशी |
| २. ज्ञानेन्द्र शाह | गैरमधेशी |
| ३. खिलराज रेग्मी | गैरमधेशी |

**प्रधानमन्त्रीहरू**

| | |
|---|---|
| १. माथवरसिंह थापा (२८ नोभेम्बर १८४३-१७ मे १८४५) | गैरमधेशी |
| २. जंगबहादुर राणा (१५ सेप्टेम्बर १८४६-१ अगस्त १८५६) | गैरमधेशी |
| ३. बमबहादुर राणा (१ अगस्त १८५६-२५ मे १८५७) | गैरमधेशी |
| ४. रणोद्दीप सिंह (२७ फेब्रुअरी १८७७-२२ नोभेम्बर १८८५) | गैरमधेशी |
| ५. बीर शमशेर (२२ नोभेम्बर १८८५-५ मार्च १९०१) | गैरमधेशी |
| ६. देव शमशेर (५ मार्च १९०१-२७ जुन १९०१) | गैरमधेशी |
| ७. चन्द्र शमशेर (२७ जुन १९०१-२६ नोभेम्बर १९२९) | गैरमधेशी |
| ८. भीम शमशेर (२६ नोभेम्बर १९२९-१ सेप्टेम्बर १९३२) | गैरमधेशी |
| ९. जुद्ध शमशेर (१ सेप्टेम्बर १९३२-२९ नोभेम्बर १९४५) | गैरमधेशी |
| १०. पद्म शमशेर (२९ नोभेम्बर १९४५-३० अप्रिल १९४८) | गैरमधेशी |
| ११. मोहन शमशेर (३० अप्रिल १९४८-१२ नोभेम्बर १९५१) | गैरमधेशी |
| १२. मातृकाप्रसाद कोइराला (१६ नोभेम्बर १९५१-१४ अगस्त १९५२) | गैरमधेशी |
| १३. टंकप्रसाद आचार्य (२७ जनवरी १९५६-२६ जुलाई १९५७) | गैरमधेशी |
| १४. कुँवर इन्द्रजीत सिंह (२६ जुलाई १९५७-१५ मे १९५८) | गैरमधेशी |
| १५. बीपी कोइराला (२७ मे १९५९-२६ डिसेम्बर १९६०) | गैरमधेशी |
| १६. सूर्यबहादुर थापा (२३ डिसेम्बर १९६३-२६ फेब्रुअरी १९६४) | गैरमधेशी |
| १७. कीर्तिनिधि विष्ट (७ अप्रिल १९६९-१३ अप्रिल १९७०) | गैरमधेशी |
| १८. नगेन्द्रप्रसाद रिजाल (१६ जुलाई १९७३-१ डिसेम्बर १९७५ | गैरमधेशी |
| १९. डा. तुल्सी गिरी (१ डिसेम्बर १९७५-१२ सेप्टेम्बर १९७७) | गैरमधेशी |
| २०. लोकेन्द्रबहादुर चन्द (१२ जुलाई १९८३-२१ मार्च १९८६) | गैरमधेशी |
| २१. मरिचमान सिंह (१५ जुन १९८६-६ अप्रिल १९९०) | गैरमधेशी |
| २२. कृष्णप्रसाद भट्टराई (१९ अप्रिल १९९०-२६ मे १९९१) | गैरमधेशी |
| २३. गिरिजाप्रसाद कोइराला (२६ मे १९९१-३० नोभेम्बर १९९४) | गैरमधेशी |
| २४. मनमोहन अधिकारी (३० नोभेम्बर १९९४-१२ सेप्टेम्बर १९९५) | गैरमधेशी |
| २५. शेरबहादुर देउवा (१२ सेप्टेम्बर १९९५-१२ मार्च १९९७) | गैरमधेशी |
| २६. लोकेन्द्र बहादुर चन्द्र (१२ मार्च १९९७-७ अक्टोबर १९९७) | गैरमधेशी |
| २७. सूर्यबहादुर थापा ( ७ अक्टोबर १९९७-१५ अप्रिल १९९८) | गैरमधेशी |
| २८. गिरिजाप्रसाद कोइराला ( १५ अप्रिल १९९८-३१ मे १९९९) | गैरमधेशी |
| २९. कृष्णप्रसाद भट्टराई (३१ मे १९९९-२२ मार्च २०००) | गैरमधेशी |
| ३०. गिरिजाप्रसाद कोइराला (२२ मार्च २०००-२६ जुलाई २००१) | गैरमधेशी |
| ३१. शेरबहादुर देउवा (२६ जुलाई २००१-४ अक्टोबर २००२) | गैरमधेशी |
| ३२. लोकेन्द्र बहादुर चन्द (११ अक्टोबर २००२-५ जुन २००३) | गैरमधेशी |
| ३३. सूर्यबहादुर थापा (५ जुन २००३ -३ जुन २००४) | गैरमधेशी |
| ३४. शेरबहादुर देउवा (३ जुन २००४-१ फेब्रुअरी २००५) | गैरमधेशी |
| ३५. गिरिजाप्रसाद कोइराला (२५ अप्रिल २००६-१८ अगस्त २००८) | गैरमधेशी |
| ३६. पुष्पकमल दाहाल प्रचण्ड (१८ अगस्त २००८-२५ मे २००९) | गैरमधेशी |
| ३७. माधवकुमार नेपाल (२५ मे २००९-६ फेब्रुअरी २०११) | गैरमधेशी |
| ३८. झलनाथ खनाल (६ फेब्रुअरी २०११-२९ अगस्त २०११) | गैरमधेशी |
| ३९. डा. बाबुराम भट्टराई (२९ अगस्त २०११-१४ मार्च २०१३) | गैरमधेशी |
| ४०. सुशील कोइराला (११ फेब्रुअरी २०१४-१० अक्टोबर २०१५) | गैरमधेशी |
| ४१. केपी ओली (११ अक्टोबर २०१५-४ अगस्त २०१६) | गैरमधेशी |
| ४२. पुष्पकमल दाहाल 'प्रचण्ड' (४ अगस्त २०१६-२४ मे २०१७) | गैरमधेशी |
| ४३. शेरबहादुर देउवा (६ जुन २०१७-१५ फेब्रुअरी २०१८) | गैरमधेशी |
| ४४. केपी शर्मा ओली (१५ फेब्रुअरी २०१८- ) | गैरमधेशी |

## प्रधानमन्त्रीमा केपी ओली

# मधेश मुद्दाको सम्बोधन होला त ?

**मधेशवाणी डेस्क**

काठमाडौं । २०७२ असोज २४ गते पहिलो पटक प्रधानमन्त्री बनेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्ता सम्हालेको ६ महिना पछि २०७२ चैत ३० गते देशबासीको नाममा दोस्रो सम्बोधन गर्दै मधेश आन्दोलन अझै पनि पुष्टि हुन नसकेको टिप्पणी गरेका थिए, जतिबेला मधेशी दलहरू संविधान संशोधनको माग गर्दै आन्दोलनमा थिए । 'म प्रधानमन्त्री भएको एक महिनापछि देशबासीका नाममा सम्बोधन गर्दा नै मधेश आन्दोलनको धेरै औचित्य छैन भनेको थिए, आज ६ महिनापछि सम्बोधन गर्दा पनि मधेश आन्दोलनको चित्तबुझ्दो जवाफ पाउन सकेको छैन,'- ओलीले भनेका थिए ।

यस्तै, २०७४ असार २९ गते मधेशका केही बुद्धिजीविहरूसँगको भेटवार्तामा एमाले अध्यक्ष केपी ओली मधेश एमालेको गौरव रहेको र एमालेलाई मधेश विरोधी भन्नेहरूले मेधशका निम्न वर्गलाई माथि उठ्न नदिएको दाबी गरेका थिए ।

उनको यो दुई फरक प्रसंगलाई दुई भिन्न कोणबाट विश्लेषण गर्नु यस कारण जरूरी छ कि उनै ओली दोस्रो पटक फेरि प्रधानमन्त्री भएका छन् तर मधेशमा गुम्सिएको आक्रोश अझै मत्थर भएको छैन ।

मधेशलाई सधै हेयको दृष्टिले हेर्ने ओलीको चश्मा अहिले पनि उस्तै छ । मधेश आन्दोलन चलिरहँदा उनै ओलीले दुई/चार वटा आँप झरेर गए केही नहुने जस्तो हेपाहा प्रवृतिको भनाइबाट सम्पूर्ण मधेश अपमानित महसुस गरेका थिए ।

तेस्रो पटकको मधेश आन्दोलन नेपालको राजनीतिक इतिहासको अत्यन्त दुःखद् घटना बनेर रहनेछ । यसो हुनुको पहिलो कारण मधेश आन्दोलनका क्रममा भएको हिंसा हो । राज्यबाट भएको अधिक बल प्रयोग र शान्तिपूर्ण आन्दोलनका नाममा भएका हिंसात्मक क्रियाकलापले मधेश आन्दोलनलाई रक्तरञ्जित बनाए ।



*राष्ट्रपति कार्यालयमा शपथ ग्रहण गर्दै नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओली ।*

ओली पहिलो पटक प्रधानमन्त्री चयन हुँदासम्म मधेशमा धेरै मानिसको ज्यान गइसकेको थियो । मधेशी दल उनका विरूद्धमा पूर्वाग्रही थिए ।

यस्तो असहज परिस्थितिमा सरकारबाट आन्तरिक समस्या समाधानमा सुझबुझपूर्ण व्यवहारको अपेक्षा गर्नु गलत थिएन तर, तात्कालीन प्रधानमन्त्री ओली नेतृत्वको सरकार स्वाभिमान, सार्वभौमिकता वा राष्ट्रियताका लोकप्रियको आडमा मधेश आन्दोलनको सम्मानपूर्ण र प्रभावकारी निकास खोज्न उदासिन रह्यो ।

प्रधानमन्त्री वार्ताबाट समस्या समाधान गर्ने भाषण र वक्तव्यमा सीमित रहे भने उनी नजिकका सरकार र एमाले पार्टीका प्रभावशाली नेता मधेशी दललाई भड्काउने र उत्तेजित पार्ने अभियानमा संलग्न रहे ।

मधेश आन्दोलनको शान्तिपूर्ण निकास खोज्ने प्रक्रियामा मधेशी दल स्वयं पनि सकारात्मक भूमिका निर्वाह नगरेको पनि सत्य हो । तर, यसमा ओली नेतृत्वको तात्कालीन सरकार पनि असफल रहेको तथ्य सावित छ ।

तर उही ओली दोस्रो पटक फेरि प्रधानमन्त्रीमा चयन हुँदा मधेशका लागि हर्ष न विस्मात भएको छ । मधेशको मुद्दाप्रति सधैं कठोर रहने ओलीले फेरि उस्तै आफ्नो स्वरूप देखाउने हो कि त्यसमा परिवर्तन ल्याउने हो अहिले भन्न नसकिए पनि भोलीका लागि ठाउँ खुला छ ।

एमाले मधेश विरोधी नभएको जति स्पष्टीकरण दिइरहँदा त्यसको औचित्य तीनै प्रकारको निर्वाचनबाट भइसेको छ । मधेशलाई माया नगर्ने दललाई मधेशी जनताले पनि माया गर्दैन भन्ने सन्देश सम्भवतः एमाले नेतृत्वले मधेशमा पाएको निर्वाचनको मत र स्थानबाट पाइसकेका होलान् । यद्यपी आशा गरौं, अब एमालेले मधेशप्रति आफ्नो फरक चरित्र देखाउने छ ।

एमालेको चुनौती

प्रधानमन्त्रीमा ओलीको चयन भए पनि एमालको नेतृत्व उनकै हातमा छ । यद्यपी एमालेले नेकपा माओवादी केन्द्रसँग एकीकरणको प्रयासमा रहे पनि अहिले टुंगो लागिसकेको छैन । त्यसकारण ओली एमालेकै संसदीय दलको नेताका रूपमा प्रधानमन्त्रीमा चयन भएका हुन् । तर समग्र एमालेको मधेश नीति ओलीको भन्दा फरक छैन ।

मधेशको सवालमा एमालेको तीन प्रकारको चुनौतीहरू रहेको छ । ती हुन- संरचनागत रंगभेद, कार्यगत पूर्वाग्रह र समभावको अभाव ।

एमालेको नेतृत्वले विधायिका/मन्त्रिपरिषद, न्यायापालिका, कार्यपालिका, पत्रकारितासहितका क्षेत्रमा उचित व्यवस्थापन गर्न नसकेकै हो ।

यस्तै, उसले कार्यगत पूर्वाग्रह नराखि मनोभाव, आत्मबल, साझापन, सम्वृद्धि, सहकार्य र स्वामित्वको आधारमा मधेशसँग 'डिल' गर्नु पर्छ । मधेशलाई समभावको आधारमा विश्वास, सहकार्य, शान्ति र समृद्धिसहितको जीवनयापनको उचित वातावरण बनाउन एमालेको नेतृत्व विगतमा चुकेकै हो भने अब ओलीको दोस्रो कार्यकाललाई सफलताको सूचकांकमा हेरिनु पर्छ ।

## शहीद परिवारका एक सदस्यलाई रोजगारी

**प्रदेश २ : मन्त्रिपरिषद् बैठक**

जनकपुरधाम । प्रदेश २ को पहिलो मन्त्रिपरिषद् बैठकले मधेश आन्दोलनका सहिदका परिवारका एक सदस्यलाई रोजगारी दिने निर्णय गरेको छ । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको सपथ ग्रहण लगतै बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका तथा असक्त घाइते भएकाहरूको परिवारका एक सदस्यलाई रोजगारी दिने निर्णय गरेको छ । घाइतेको उपचारका साथै प्रदेशमा उपलब्ध हुने स्वास्थ्य, शिक्षा लगायतका सुविधा दिन शहीद तथा घाइते परिवारलाई उपचार खर्च दिने निर्णय पनि प्रदेश सरकारले गरेको छ । यस्तै बन्द अवस्थामा रहेका सरकारी/अर्धसरकारी उद्योगहरू पुनःसंचालनका लागि पहल गर्ने निर्णय पनि लिएको छ । बैठकले प्रदेशमा विकास योजना अघि बढाउन आन्तरिक तथा वैदेशिक सहयोग प्राप्त गर्न केन्द्र सरकारसँग समन्वय गर्ने निर्णय पनि भएको आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले जानकारी दिए ।

## प्रदेश २ मा यादव अर्थ र सोनार पूर्वाधारमन्त्री

जनकपुरधाम । प्रदेश २ मा मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले मन्त्रिपरिषद् विस्तार गरेका छन् । राउतले मुख्यमन्त्री पदको सपथ लिएसँगै दुई जना मन्त्री नियुक्त गरेका हुन् । प्रदेश २ का सत्ता साझेदार दल संघीय समाजवादी फोरम र राजपाका एक/एक मन्त्री नियुक्त भएका छन् । फोरमका विजय यादव आर्थिक मामिला तथा योजना मन्त्री बनेका छन् भने राजपाका संसदीय दलका नेता जितेन्द्र सोनारले भौतिक पूर्वाधार मन्त्रालय सम्हाल्ने भएका छन् । त्यसअघि, प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले नवनियुक्त मुख्यमन्त्री राउतलाई पद तथा गोपनियताको शपथ ग्रहण गराएका थिए । राउतले भोजपुरी भाषामा शपथ लिएका थिए । यस्तै प्रदेश २ को प्रमुख प्रतिपक्षी दलको नेतामा एमालेका सत्यनारायण मण्डल निर्वाचित भएका छन् । एमाले प्रदेश २ को संसदीय दलको नेतामा विजयी भएपछि मण्डल विपक्षी दलको नेता बनेका हुन् । मण्डलले आफ्ना प्रतिस्पर्धी सत्रुघन महतोलाई ४ मतको अन्तरले पराजित गर्दै दलको नेता भयन भएका हुन् । पार्टी कार्यालयमा नेता चयनका लागि भएको निर्वाचनमा मण्डलले १२ र महतोले ८ मत प्राप्त गरे । विपक्षी दलको नेतामा विजयी मण्डल सप्तरी १ को 'क' बाट प्रदेशसभामा प्रत्यक्ष निर्वाचित भएका थिए ।

## संघीय बहस

संगीता रेग्मी



# प्रदेश २ को भाषिक विवाद

**प्रादेशिक भाषा वा अन्तर्राष्ट्रिय प्रयोजनका लागि अन्तर्राष्ट्रिय भाषाका बारेमा प्रयोजनपरक हिसाबले निर्णयमा पुग्नुपर्ने जरूरी छ ।**

प्रदेश २ को स्थायी राजधानी जनकपुर कि वीरगञ्ज भन्ने विवाद जारी सेलाउन नपाउँदै भाषाको विषयमा नयाँ विवाद प्रवेश गरेको छ । भाषाको विषयमा प्रदेश नं २ मा चुलिँदै गएको विवादले अझै समाधानको बाटो पहिल्याउन सकेको छैन ।

सरकारले जनकपुरधामलाई अस्थायी राजधानी घोषणा गरेदेखि राजधानीको र प्रदेशसभा सदस्यले शपथ लिएपछि भाषाको विवाद चुलिँदै गएको हो ।

राजधानीका लागि वीरगञ्जमा आन्दोलन र भाषाको प्रयोगका लागि आठ जिल्लामध्ये छ वटा जिल्लामा भाषिक चर्चा परिचर्चा र विरोध भइरहेको छ । मुलुकमा संघीयता लागू भएसँगै कुन प्रदेशमा कुन भाषा अपनाउने भन्ने बहस शुरू हुनु स्वभाविक हो । प्रदेश नं २ को पहिलो मुख्यमन्त्री लालबाबु राउतले विरोधका बाबजुद भोजपुरी भाषाका सपथ लिनुका साथै पहिलो प्रदेशसभा बैठकमा कतिपय सदस्यले पनि हिन्दी भाषामा बोलेपछि अस्थायी मुकाम रहेको धनुषामा स्थानीयवासी मैथिली मातृभाषालाई अपेक्षा गरिएको भनी विरोधमा उत्रिएका थिए । ज्ञातव्य छ, नेपालीपछि बढी बोलिने भाषा मैथिली हो ।

हिन्दी भाषामा शपथ लिनेमध्ये अधिकांशको मातृभाषा मैथिली रहेको अवस्थामा हिन्दीमा शपथ लिनुको अर्थ के ? भन्ने प्रश्नले मैथिली मातृभाषीबीच चिन्ताको विषय बनेको बेलामा नै मैथिली भाषामा शपथ लिएका मध्येबाटै एक जना सदस्यले प्रदेशसभाको प्रथम बैठकमा हिन्दीमा बोलेपछि मातृभाषाको उपेक्षा गर्ने सदस्यलाई लक्षित विरोधका स्वर र कार्यक्रमले निरन्तरता पाएको देखिएको छ ।

नेपालको जनगणना २०६८ अनुसार देशभर १२३ भाषा सूचीकृत छन् । यसमा नेपाली मातृभाषा सबैभन्दा बोलिने (४४ दशमलव ६४ प्रतिशत) छ । संविधानले नेपालीलाई राष्ट्रिय भाषा मानेको छ । नेपालीपछि बढी बोलिने मध्ये मैथिली ११ दशमलव ६७, भोजपुरी ५ दशमलव ९८, थारू ५ दशमलव ७७, तामाङ ५ दशमलव ११, नेवारी ३ दशमलव २० प्रतिशत मातृभाषी छन् ।

यस्तै, राष्ट्रिय जनगणना २०६८ को तथ्यांकअनुसार प्रदेश नं २ को आठ जिल्लामा मैथिली भाषी ४५.३० प्रतिशत, भोजपुरी भाषी १८.५८ प्रतिशत र हिन्दी भाषी ०.१२ प्रतिशत रहेका छन् ।

विवाद चुलिनुका कारणमध्ये कतिपय प्रदेशसभा सदस्यले मातृभाषामा शपथ लिने बेलामा आफ्नो मातृभाषालाई बेवास्ता गरी अन्य भाषालाई मातृभाषा भनी उल्लेख गर्नुलाई मानिएको छ । शपथका दिन १०७ प्रदेशसभा सदस्यमध्ये मैथिली भाषामा ४७, भोजपुरी भाषामा २५, नेपाली भाषामा २४ र ११ जनाले हिन्दी भाषामा शपथ लिएका थिए ।

भाषा आयोगले गत भदौ २३ मा नेपाल सरकारलाई बुझाएको वर्ष २०७३/०७४ प्रतिवेदनमा प्रदेशको सरकारी कामकाजको भाषा निर्धारणको प्रावधान राख्ने वा प्रदेशले सरकारी कामकाजको भाषा निर्धारण गर्दा आयोगको सहमति तथा सिफारिशलाई आधार बनाउने व्यवस्था राख्नु उपयुक्त देखिने जनाइएको छ ।

संविधान जारी भएसँगै भाषा नीति नबन्दा हालको अन्योल देखिएको हो । प्रादेशिक भाषा वा अन्तर्राष्ट्रिय प्रयोजनका लागि अन्तर्राष्ट्रिय भाषाका बारेमा प्रयोजनपरक हिसाबले निर्णयमा पुग्नुपर्ने जरूरी छ ।

बाँकी पृष्ठ २ मा

## यसभित्र...

आधुनिक मधेशमा 'मिथिला' छैन
डा.सीके राउतको आलेख, पृष्ठ २ मा

राउतको जिम्मामा प्रदेश २
सम्पादकीय पृष्ठ २ मा

स्वायत्त प्रदेशका लागि अहिंसावादी आन्दोलन गर्छौं : भाग्यनाथ गुप्ता
आयोग प्रमुखले आर्थिक चलखेल गरे : रामप्रवेश बैठा
अन्तर्वार्ता पृष्ठ ३ मा

यस्ता छन् सातै प्रदेशका मुख्यमन्त्रीहरू पृष्ठ ४ मा

प्रदेश २ को नाम 'मध्यमधेश' उपयुक्त पृष्ठ ५ मा

प्रतिनिधिसभा समानुपातिक सदस्यको अन्तिम नामावली पृष्ठ ६ मा



## सम्पादकीय



# राउतको जिम्मामा प्रदेश २

देश संघीयतामा गएपछि प्रदेश-प्रदेशमा नयाँ सरकार गठनको तयारी भइरहेको छ। यो नेपालका लागि बिलकुलै नयाँ अभ्यास हो। अब मुलुकका ७ वटै प्रदेशमा अलग-अलग सरकार हुनेछन्, अलग-अलग मुख्यमन्त्री र मन्त्रीहरू पनि। मुख्यमन्त्रीको भूमिका सम्बन्धित प्रदेशमा त्यस्तै हुन्छ, जस्तो देशमा प्रधानमन्त्रीको भूमिका हुन्छ। मुख्यमन्त्री प्रदेश कार्यपालिकाका प्रमुख हुन्, उनको नेतृत्वमा एउटा मन्त्रिपरिषद् रहनेछ। प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा हुने संवैधानिक व्यवस्था छ। प्रदेश २ को मुख्यमन्त्रीमा मोहम्मद लालबाबु राउत गद्दी, जो मुस्मिल समुदायका हुन्, निर्वाचित भएका छन्। उनलाई प्रदेश २ को दोस्रो ठूलो दल राजपा नेपालको पनि समर्थन प्राप्त छ। प्रदेश २ मा संघीय समाजवादी फोरम र राजपा नेपालले संयुक्त सरकार बनाउँदै छ।

दुबै दलको सहमतिमा राउतलाई प्रदेश २ को जिम्मेवारी प्राप्त भएकाले अब उनको दायित्व पनि बढेको छ। अब उनी एउटा पार्टीको मात्र नभएर प्रदेश २ कै नेता पनि भएका छन्। उनको काँधमा पार्टीका कार्यकर्ताहरूको मात्र गुनासो सुन्ने नभएर प्रदेश २ का हरेक जनताको पीडा, मर्का र समस्या सुन्ने जिम्मेवारी आएको छ। त्यसैले मुख्यमन्त्रीको रूपमा राउतले आफूलाई पाउँदा जति गर्व महसुस र खुशी भएको होला, त्यस्तै चुनाती र समस्याको पहाड पनि उभिएको छ। त्यसैले उनको हरेक कदम महत्वपूर्ण छ। उनको हरेक पाइला-पाइलामा गर्वका साथै चुनौती पनि छ। यद्यपी देशले अहिले पहिलो पटक प्रादेशिक संरचनामा प्रवेश गरेको सन्दर्भमा धेरै नै अपेक्षा गर्नु पनि बुद्धिमता होइन तर आधारभूत विषयलाई भने नजरअन्दाज गरिनु हुँदैन। मुख्यमन्त्रीका रूपमा पदभार ग्रहण गर्दै राउतले प्रदेशलाई हरेक काममा पहिलो प्रदेशका रूपमा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गरे। उनले प्रदेशका सबै कार्यालयका प्रमुखलाई पहिलो सम्बोधन गर्दै ७ वटा प्रदेशमध्ये आफू गतिलो मुख्यमन्त्री बन्ने र प्रदेशलाई पहिलो प्रदेश बनाउने विश्वास दिलाए। उनको यो भनाइलाई शब्दमा सीमित मात्र नराखी व्यवहारमा प्रदर्शन गर्नु पर्ने बेला आएको छ। यसका लागि उनको कतर्व्य निष्ठा र इमान्दारी हेर्न बाँकी छ।

> प्रदेश मुख्यमन्त्रीले समृद्धिको सपना हत्तपत्त देखाउनु भन्दा स्रोतलाई जुटाउनुपर्ने प्रमुख चुनौती छ।

हाम्रो स्थानीय समस्या एउटा छ। विकासका कुरा छन्। बेरोजगारी, गरिबी र कुशासन छ। यी सबै समस्यासँग जुधेर अघि बढ्नु पर्छ र यी सबैका लागि मुख्यमन्त्रीको रूपमा राउत कति खरो उत्रिन्छन आउने दिनमा नै थाहा हुनेछ।

प्रदेश मुख्यमन्त्रीले समृद्धिको सपना हत्तपत्त देखाउनु भन्दा स्रोतलाई जुटाउनुपर्ने प्रमुख चुनौती छ। समथर भू-भाग भएको यो प्रदेशमा राम्रो सडक सञ्जाल नहुँदा कष्टकर यात्रा गर्नुपर्छ। गुणस्तरीय स्वास्थ्य र शिक्षा हरेक क्षेत्रमा अझै पुगेको छैन। बाल मृत्युदर उच्च छ। यस्तो अवस्थामा कुराभन्दा कामलाई बढी प्राथमिकता दिनु पर्ने टड्कारो आवश्यक्ता छ। यसका साथै प्रदेशको अस्थायी राजधानी तोक्दा देखिएको विवाद अबका दिनमा नदेखिएला भन्न सकिदैन। अस्थायी राजधानी तोक्दा जुन विरोध वीरगञ्जमा भयो भोलिका दिनमा प्रदेशको नामाकरणका विषयमा पनि थप विरोध र आन्दोलन नहोलान् भन्न सकिदैन। प्रदेश सरकारको बहुमतको निर्णयले नै प्रदेशको नामाकरण र केन्द्र तोक्ने संविधानमा व्यवस्था भएका कारण अब भन्ने प्रदेश सरकारले प्रदेशको नामाकरण गर्दा कसरी गर्ला भन्ने नै हो। नेपाली राजनीतिमा अहिले खासै विरोधमा नआए पनि प्रदेशको नामाकरण भोलिका दिनमा पेचिलो र विवादमुक्त नहोला भन्न सकिदैन। यो अवस्थामा फेरि विरोध र आन्दोलन नहोला भन्न मिल्दैन। प्रदेश सरकारले प्रदेशको राजधानी र नामाकरण गर्दा त्यहाँको वस्तुस्थिति, भूगोल, सांस्कृतिक, भाषिक, जातिगत पहिचान तथा ऐतिहासिकताजस्ता अनेक पक्षबाट विश्लेषण गरेर मात्र गर्नु उपयुक्त हुनेछ। संघीयताको रूपरेखा पहिलो पटक देशमा लागू हुँदै गरेको यो अवस्थामा प्रदेश सरकारलाई अबका दिनमा अवसर र चुनौतीहरूको सामना गर्नुपर्ने देखिन्छ।

समग्र प्रदेशको स्वाधिनता, भौगोलिक अवस्था सबैको अध्ययन र सर्वमान्य हुने गरी काम गर्न सक्नुपर्छ। चुनौतीको सामाना गर्दै प्रदेशको विकास र समृद्धिको लागि प्रदेश सरकार अब लाग्नु पर्नेछ।

## साताको सात बात



मुलुकमा निर्यात वृद्धि हुन सके आर्थिक उन्नतिले गति लिन सक्छ। दैनिक उपभोग्य बस्तुदेखि निर्माण सामग्रीसम्म आयात भइरहेकाले यसलाई घटाउन मुलुकभित्रै उत्पादन गर्न सक्नुपर्छ। **नन्दबहादुर पुन, उपराष्ट्रपति**



निर्वाचनमार्फत जनताले प्रकट गरेको स्थिरता, विकास र समृद्धिको लक्ष्य प्राप्त गर्न कसैसँग पनि सम्झौता गर्दैनौं। धार्मिक सांस्कृतिक पर्व नेपालको एकताका आधार स्तम्भ हुन्। **केपी ओली, अध्यक्ष, नेकपा एमाले**



जनयुद्ध र जनआन्दोलनको बलमा संघीय गणतन्त्रात्मक व्यवस्था आएको हो। जनयुद्धले नै उत्पीडित जाति, क्षेत्र समुदायको अधिकार संविधानमा स्थापित गराएको हो। अबको यात्रा समाजवाद भएकोले समाजवादी राज्य स्थापनाका लागि सम्पूर्ण कम्युनिस्ट एक ठाउँमा आउनुपर्छ। **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**



राष्ट्रिय गौरवको काठमाडौं तराई - मधेश द्रुतमार्ग निर्माण परियोजना नेपाली सेनाले मागेको होइन, न त खोजेको नै हो। यो नेपाली सेनाप्रति नेपाली जनताले दर्शाएको भरोसा र विश्वासको पतिफल भएकाले यस्ता कार्यत्रहरू सु-सम्पन्न गर्न रक्षा मन्त्रालयको सहयोग र सद्भाव रहिआएको छ। **राजेन्द्र क्षत्री, प्रधानसेनापति**



मधेशीले मधेश प्रदेश पाइसकेकाले अब थप अधिकारको लागि संघर्षको रूप परिवर्तन गरेर आर्थिक विकासमा केन्द्रित हुनुपर्दछ। प्राप्त अधिकारलाई संस्थागत गर्दै मधेश प्रदेशलाई समृद्ध बनाउन हरेकले अब आफ्नो क्षेत्रबाट जुट्नुपर्छ। **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



मधेश सरकारको अबको प्राथमिकता सुशासन र विकास हो यसको निमित्त एक्लै केही गर्न सकिँदैन। सबै मिलेर अघि बढ्नुपर्छ। प्रदेश राजधानीको विषयमा संवैधानिक प्रावधान जे रहेको छ, त्यस अनुसार नै अघि बढ्नुपर्छ। **मो.लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश नम्बर २**



हामी सत्तामा टाँसिएर बस्ने सोचमा छैनौं। वर्तमान सरकारले स्थानीय, प्रदेश, संघ र राष्ट्रियसभासभाको निर्वाचन गराउने कार्यभार पूरा गरिसकेको हुनाले हामी जतिसक्दो चाँडो नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर छौं। अब सबै पार्टी मिलेर देश विकासमा लाग्नुपर्दछ। **मोहनबहादुर बस्नेत, सूचना तथा संचारमन्त्री**

# आधुनिक मधेशमा "मिथिला" छैन



डा.सीके राउत

> मेरो सपनामा हनुमानजी आएर कोशी नदी पहाडबाट निस्केको ठाउँमा गएर हेर्नु, त्यहाँ जुन पहिलो ठूलो ढुंगा भेटाउँछौं, त्यही नै म जन्मेको हूँ, त्यहाँ मेरो मन्दिर स्थापना गर, भनेर भन्यो र मैले त्यहाँ गएर ९ लाखको हैन ९ अर्बको भव्य मन्दिर बनाइ दिए, त्यसठाउँको नाम 'हनुमानपुर' राखिदिए, भने त्यसले हनुमानजी त्यही जन्मेको साबित हुन्छ, त्यसले हनुमानजीको अस्तित्व थियो भनेर साबित हुन्छ ?

मधेशमा आफ्नै सेनवंशीय राजा थियो, यो मिथिला (दरभंगा राज) अन्तर्गत पर्दैनथ्यो। (मैथिली भाषा सिर्फ ३५ मैथिल की भाषा होने की बात साबित हो जाने के बाद, अब कुछ लोग मिथिला के इतिहास को उछालकर तो कभी जानकी मंदिर दिखाकर सहारा ढुंढ रहे हैं, तो उसकी सच्चाई भी सुन लें)

राजा जनक, सीता र रामायणमा जानु अगाडी पहिला शुरू गरौं प्रामाणिक इतिहासबाट, अर्थात् जतिबेलासम्म वैज्ञानिक रूपमा प्रमाण, शिलालेख, कार्बन डेटिंग आदिद्वारा साबित गर्न सकिन्छ।

कथित "मिथिला क्षेत्र" को वैज्ञानिक इतिहास करीब २५०० वर्ष अगाडि वृजि( संघको उदयबाट मात्र मात्रै प्रारम्भ हुन्छ। त्यतिबेला विदेह वा मिथिला थिएन, बरू मधेशमा वृजि र मल्ल गणतन्त्र लगायत काशी र कोसल राज्य थियो। वृजि-संघ पछि त्यो क्षेत्र मगध साम्राज्य (हर्यंक, शैशुपाल, नंद, मौर्य, शुंग, काण्व, आन्ध्र, गुप्त, पुष्यभूति आदि) को हिस्सा रह्यो, त्यसपछि बंगाली राजाहरू (पाल, सेन, कर्णाट वंश आदि), मुस्लिम शासक ( तुगलक, सैय्यद, लोदी, मुगल आदि) र अंग्रेजहरूको अधीन, र वर्तमानमा नेपाल तथा भारतको अधीन। कहिले पनि छुट्टै मिथिला र त्यसको स्वतन्त्र शासक थिएन।

प्राय: उदाहरण दिइने सिम्रौनगढका कर्णाटवंशीय राजालाई पनि मिथिलाको मान्न सकिन्न, सिमरौनगढ़ भोजपुरी क्षेत्र भित्र पर्दछ। त्यसका अलावा, सिम्रौनगढ़ राज्य निकै नै विशाल थियो, कहिलेकाहीं नेपाल उपत्यकासम्म पनि। दक्षिण भारतबाट आएका कर्णाटवंशका संस्थापक नान्यदेवले बंगालका राजालाई हराएर बंगालका राजा भएका थिए, जसभित्र कथित 'मिथिला क्षेत्र' पनि पर्दथ्यो। सिम्रौनगढपूर्व उनले नान्यपुरीलाई राजधानी बनाएका थिए।

त्यस्तै नेपाल एकीकरण समयको कुरा गर्ने हो भने त्यतिबेला मधेशमा मकवानी सेन वंशीय राजा थिए, "मिथिला(क्षेत्र" भारतमा पर्दथ्यो जहाँबाट बादशाह अकबरले कर उठाउन पंडित महेश ठाकुरलाई ई. १५७७ मा नियुक्त गरेको थियो, उनी मधुबनीको राजग्राममा बस्थे। त्यस "खांडवाल" वंशद्वारा कर वसूली गर्ने "मिथिला(क्षेत्र" भारतमा थियो, वर्तमान मधेशमा होईन। मधेशमा आफ्नै सेनवंशीय राजा थियो, मेची देखि महाकाली सम्मको वर्तमान भूभागबाट यिनै सेन(राजाहरूले कर उठाउथे, यो मिथिला (दरभंगा राज) अन्तर्गत पर्दैनथ्यो।

भने पछि, पूरै प्रामाणिक वैज्ञानिक इतिहासमा कम(से(कम आधुनिक मधेश (मेची देखि महाकाली सम्मको वर्तमान भूभाग) मा कहाँ छ त मिथिला ? तपाईं आफैं देखाउनुहोस्। मिथिला राज दरभंगामा थियो, मधेशमा होइन। म मिथिला राज र मैथिली भाषा दुईटैलाई धेरै सम्मान गर्छु, तर त्यो आफ्नो ठाउँमा हुनुपर्छ, दरभंगाबाट ल्याएर मधेशमा लादिनु भएन।

अब आऊँ भावनात्मक कुरामा। पहिला तलको "इतिहास" पढ्नुस् त !

"पृथ्वीनारायण शाह हवाईजहाज उडाउँदै एउटी एक्ली नारीलाई लिएर उडे। श्रीलंका तिर आक्रमण गर्दा पूरै समुद्र सर्लक्क एउटै घूटमा नै पिएर सुकाई दिए। उसले लामखुट्टे बनेर समुद्र राजाको मुखभित्र छीरे र पेटभित्र तलवारले काटे र फेरि मनुष्य रूप धारण गरे। उसले ढुंगामा स्पर्श गरेपछि त्यो ढुंगा नारीमा परिवर्णन भयो। उसले पृथ्वीनारायण शाहलाई १००० वर्षको श्रापबाट मुक्ति दिलाएकोमा धन्यवाद दिइन्। तिब्बत विजय गर्न जाँदा बीचमा रहेका अग्ला-अग्ला हिमाल पहाडलाई क्वाप्प एकै गाँसमा खाई दिए र पूरै भूलोक नै समतल बनाई दिए। त्यसपछि तिब्बतको राजाले लेखेको पूरै पत्रपढेर सेनापति भालुले सुनाए। बाँदर सेना पत्र सुनेर गदगद भए।... त्यसपछि एक हजार ८१ वर्ष पृथ्वीनारायणले शासन गरे। अन्तमा स्वर्गबाट देवता विमान लिएर आए र जिउँदै स्वर्गलोक पधारे। ..."

के यो इतिहास हो ? प्रामाणिक इतिहास यस्तो हुँदैन। कथा यस्तो हुनसक्छ, साहित्य हुनसक्छ, श्रुति हुनसक्छ तर प्रामाणिक इतिहास यस्तो हुँदैन। रामायण पाठ म पनि गर्छु, सम्मान गर्छु, त्यो निजी आस्था हो, तर रामायण इतिहास होइन। रामायणलाई इतिहास मान्ने हो भन्ने माथिका उटपट्यांग कुरा पनि मान्नै पर्ने हुन्छ, किनकि रामायणमा त समुद्र पिउने, सुकाउने, लामखुट्टे बनेर पेट भित्र छिर्ने मात्रै हैन कस्ता कस्ता कुराहरू छन्। जसरी कुनै कथा उपन्यास लेख्दा केही कुरा वास्तविक जीवनका मिल्न पनि सक्छन्, त्यस्तै रामायणमा उल्लेख केही नाम र घटना मिल्न पनि सक्छन्, तर रामायण इतिहास होईन। हो, हामी भावनात्मक छौं, भावनात्मक रूपमा रामायण सँग हाम्रो यति घनिष्ठ सम्बन्ध छ, कि हामी त्यसलाई नकार्न सकिराखेका छैन, तर यर्थाथ तीतो हुन्छ र त्यो तीतो सत्य के हो भने रामायण इतिहास होइन। यदि भयो भने, हामीले माथि लेखिएको पृथ्वीनारायण शाहको इतिहास पनि मान्नु पर्ने हुन्छ, उसले पनि लामुखुट्टेको रूप धारण गरेर राक्षसको पेटमा छिरेर तोप हानेको स्वीकार्नु पर्ने हुन्छ, उसले पनि समुद्र पूरे पिएर सुकाएको मान्नु पर्ने हुन्छ।

अनुश्रुति भनेको प्रामाणिक इतिहास होइन। कथा साहित्य श्रुति अर्थात् सुनेका कुरा हुन्, जसमा ढुंगा पनि मान्छे बनेर उठछ, नारद मुनि तीनै लोकको भ्रमण गर्छन्, लामखुट्टेले पूरै समुद्र पिइ दिन्छ ...आदि। त्यही कथा अनुश्रुतिलाई आधार मानेर।

नभए यिनीहरूले कहिले ब्रह्माको मुख र खुट्टाबाट बच्चा जन्माउँछ, कहिले आगोबाट बच्चा जन्माउँछ, कहिले हावाबाट, कहिले कमलकै फुलमाथि आकाशबाट खसेको भन्छ, र अहिले "वशिष्ठ ऋषिको श्रापबाट देह बिहिन भएका नीमिको शरीर मंथनबाट उत्पन्न मिथि" भनेर मिथक कथाकहानी फैलाई रहेको छ, त्यसलाई मिथिलाको इतिहास भनेर स्वीकार गरिदिनुपर्ने ?

तै पनि अनुश्रुति काल (कथा) कै कुरा गर्ने हो भने देखि :

वैवस्वत मनु मध्यदेशका प्रथम राजा थिए। उनको छोरा इक्ष्वाकु भए, इक्ष्वाकुको निमि र निमिको छोरा मिथि। त्यही मिथिले मध्यदेशको एक क्षेत्र आफ्नो पूर्वजबाट राज्य गर्न पाएका मात्र हुन् र त्यो क्षेत्र मिथिलाको नामबाट परिचित भएको हो।

अर्को कुरा कथाकै मिथिलामा जनकहरूको राज्य हुँदा पनि त्यो प्रायस स्वतन्त्र राज्य थिएन, मध्यदेश अन्तर्गत नै थियो र त्यसको आधिपत्य स्वीकारेको थियो। मध्यदेशका मान्धाता, हरिश्चन्द्र, सगर, रघु र दशरथ जस्ता चक्रबर्ती सम्राटहरूको समयमा कथित मिथिलाका जनकहरूको राज्य स्वतन्त्र थियो? दाशरथि रामदेखि सम्राट दुर्योधन र युधिष्ठिरसम्म कै पालासम्म के मिथिला स्वतन्त्र थियो, कि मध्यदेशकै सम्राटहरूको आधिपत्यमा ?

जानकी मन्दिर देखाएर ब्लैकमेल गर्नेहरूका लागि :

मेरो सपनामा हनुमानजी आएर कोशी नदी पहाडबाट निस्केको ठाउँमा गएर हेर्नु, त्यहाँ जुन पहिलो ठूलो ढुंगा भेटाउँछै, त्यही नै म जन्मेको हूँ, त्यहाँ मेरो मन्दिर स्थापना गर, भनेर भन्यो र मैले त्यहाँ गएर ९ लाखको हैन ९ अर्बको भव्य मन्दिर बनाइ दिए, त्यसठाउँको नाम 'हनुमानपुर' राखिदिए, भने त्यसले हनुमानजी त्यही जन्मेको साबित हुन्छ, त्यसले हनुमानजीको अस्तित्व थियो भनेर साबित हुन्छ ?

नभए मधेशको एक ठाउँमा जंगल भित्र आएर १०० वर्ष अगाडि कसैले ९ लाखको मन्दिर बनाउँदैमा र यस ठाउँको नाम "जनकपुर" राखि दिँदैमा, "सीता" भन्ने व्यक्ति कथित त्रेता युगमा थियो, मिथिला राज यहीं थियो, भनेर साबित कसरी हुन्छ ? के १००० वर्ष अगाडी यस अहिलेको ठाउँको नाउँ "जनकपुर" नै थियो ? (त्यसो भए तो चन्द्रशमशेरको नामबाट आएको "चन्द्रनिगाहपुर" पनि १००० वर्ष अगाडि देखि आएको मान्नु पर्ने हुन्छ ! )

त्यसैले जनकपुरको जानकी मन्दिर देखाएर इमोशनल ब्लैकमेल गर्दै कति न पुरानो ऐतिहासिकता साबित गर्न खोज्नेहरूले के याद गर्नुपर्यो भने त्यो मन्दिर त भारतको टिकमगढका महाराज प्रताप सिंहकी पत्नी रानी वृषभानु कुँवरद्वारा वि.सं. १९५२ मा, यानि केवल १०० वर्ष अगाडि, मात्रै शिलान्यास गरेर बनाइएको हो। त्यसपूर्व महात्मा सुरकिशोरदासले जानकी जन्मस्थल किटान गरे पछि उनलाई मधेशको राजा माणिकसेनले वि.सं. १७८४ मा रामजानकी मन्दिरका लागि १४०० बिघा जमीन उपलब्ध गराएको थियो, कुनै मैथिल जमीन्दारले हैन। यसको त ऐतिहासिक दस्तावेज र विर्तापत्र जानकी मन्दिर मै पनि छ, केही शिलालेख राममन्दिर भित्र अझै छ, यो नेपाली इतिहासमा समेत स्थापित तथ्य हो। अहिले चिनिने जनकपुर क्षेत्र यदि मिथिला राज (दरभंगा राज) को भएको भए, यो भूमि दरभंगा राजाले उपलब्ध गराउँथ्यो, मधेशको राजा माणिकसेनले हैन। यसले साबित हुन्छ अहिले जनकपुर नामबाट चिनिने क्षेत्र त्यतिबेला मिथिला राज भित्र पर्दैनथ्यो, मधेश भित्र पर्दथ्यो।

जानकी मन्दिर भन्दा बढ़ी पुरानो, प्रामाणिक र ऐतिहासिक त मधेशी सेनराजाका दरबारहरू वा तिनीहरूद्वारा स्थापित विभिन्न राजदेवी मन्दिर र शक्तिपीठहरू छन्। नेपाली शासकहरूद्वारा मधेशको इतिहास अज्ञात राख्ने षडयन्त्र स्वरूप न तिनीहरू उपेक्षित हुँदै आएका हुन् वा जीर्ण तथा 'सानो' हुनाले नै न मधेशीहरूको ध्यान त्यतातिर नगएको हो।

कथा र इतिहास अलग कुरा हुन्, आस्था र यथार्थ अलग कुरा हुन्। आस्था, कथा, कहानीलाई इतिहास मान्ने भूल नगरौं।

आजलाई यति नै। अझ मैले रहस्य खोल्न थाले, भने धेरैको हर्ट(अटैक आउनसक्छ। ४ वर्ष अगाडि नेपाली पत्रिकाका लागि लेखेको एउटा अप्रकाशित लेखबाट यहाँ अधिकांश कुरा लिइएको हो, त्यही भएर यो पोस्ट नेपालीमा छ।

*(प्रस्तुत लेखमा लेखकका विचार निजी हुन्। सम्पादक मण्डलको सहमति/असहमति आवश्यक छैन।)*

## प्रदेश २ को...

कुनै समयमा कान्तिपुर, ललितपुर, भक्तपुर, बनेपालगायतका स्थानमा मैथिली भाषाको व्यापक प्रभाव थियो। इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार सेन राजाको कामकाज मैथिली भाषामा हुन्थ्यो। पृथ्वीनारायण शाहले उपत्यकामाथि विजय गर्नुअघि त्यहाँको कामकाजको भाषा मैथिली रहेको पाइन्छ। मल्ल राजा मैथिलीमा बोल्थे, साहित्य पनि गर्थे। पृथ्वीनारायणले मैथिली भाषा-संस्कृतिमाथि रोक लगाएर नेपालीलाई कामकाजको मान्यता दिएको देखिन्छ। पछि राजा महेन्द्रले 'एउटै राजा एउटै देश, एउटै भाषा एउटै भेष' नीतिको नाममा मैथिली भाषा-संस्कृतिमाथि प्रहार गरी पहिचानलाई समाप्त गर्ने पड्यन्त्र गरिएको अध्याय इतिहासमा पाइन्छ। बिडम्वना त्यही परिदृश्य अहिले प्रादेशिक सभासदहरूमा देखिएको छ।

प्रदेश सभा सदस्यहरूले मैथिली भाषा-संस्कृतिको महिमा गाउने तर यसको जीवन्तताको सवालमा मौन बस्ने क्रियाकलाप चिन्ताको विषय हो।

विगतका शाहकालका शासकले सत्ता, हैकम, राजनीति कायम गर्न मैथिली भाषाप्रति गरेको प्रहारका कारण मैथिली भाषा आफ्नो पुरानो अस्तित्वको खोजमा रहेको छ। त्यसैले प्रदेश नं २ का प्रदेश सभा सदस्यहरूले मैथिलीको वैशिष्टतालाई कसरी कायम राख्ने गहन जिम्मेवारी काँधमा छ।

## बृहत् मिथिला परिक्रमा शुरू

जनकपुर। मिथिला परिक्रमा विधिवत् रूपमा शुरू भएको छ। मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरका रूपमा रहेको परिक्रमा १५ दिनसम्म चल्नेछ। एक सय ३३ किलोमिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानका ठूलो संख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुको सहभागिता रहने गरेको छ। प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्निकुण्डबाट किशोरीजी अर्थात् माता जानकी र कचुरी मठबाट मिथिला विहारी भगवान् रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मध्यमिथिला परिक्रमा विधिवत् रूपमा शुरू भएको हो। फागुन कृष्णपक्षको औंसीमा धनुषाको ठेरा कचुरी मठबाट भगवान् राम र जानकीको डोलासहित परिक्रमा शुरू भएको हो। परिक्रमामाक्रमशः फूलहरको गिर्जास्थान हुँदै महोत्तरीको मटिहानी, जलेश्वर मडै ध्रुवकुण्ड, कन्चनवन, पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कलानेश्वर र फागुन पूर्णिमाको जनकपुर फर्कनेछ। नेपाल र भारत दुवै मुलुकको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावका प्रतीक बनेको परिक्रमा यात्राको नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थल छन्।

# स्वायत्त प्रदेशका लागि अहिंसावादी आन्दोलन गर्छौं



भाग्यनाथ गुप्ता
अध्यक्ष, मधेशी जनाधिकार फोरम, मधेश

मधेश आन्दोलनलाई र समग्र मधेशलाई २ प्रदेशको वकालत गर्दै मधेशलाई ८ जिल्लामा सिमीत पारे । हाम्रो अभियानको उद्देश्य नै यही हो कि समग्र मधेश स्वायत्त प्रदेशको लागि हामी अहिंसावादी आन्दोलनलाई अगाडी बढाउने र झापादेखि बारासम्मको अभियानमा कार्यकर्तामा उत्साह भेटियो । नयाँ वर्ष लागेसँगै हामीले सशक्त रूपमा यो कार्यक्रमलाई अगाडी बढाउनेछौँ ।

**० तपाईंको पार्टी के गर्दै छ अहिले ?**

– अहिले हामी मेची-महाकाली जागरण अभियानमा छौं । समग्र मधेश स्वायत्त प्रदेश, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, भाषिक भौगोलिक तथा सांस्कृतिक एकरूपता, समान जनसंख्याको निर्वाचन क्षेत्रको गठन, क्षेत्रीय भाषा-संस्कृतिको संवैधानिक प्रत्याभूतिको जुन उद्घोष थियो त्यसलाई स्वायत्त मधेश प्रदेशको नामले तात्कालीन तमलोपा, सद्भावना, फोरमले विभाजन गरे । २२ बुँदामा टुंगिएको मधेश आन्दोलनलाई ती दलका नेताहरूले बेचे । नबेच्न सकेपछि उनीहरूले महन्थ ठाकुरजीलाई प्रोजेक्ट गरेर पठाइयो । उनले ८ बुँदामा केन्द्रित गरेर मधेश आन्दोलनलाई विर्सजन गरे । यसरी सहादत र सहिदको उद्घोष र आन्दोलनको उद्घोष समग्र मधेशको स्वायत्त प्रदेश थियो । त्यही मुद्दा लिएर मैले फेरी ०६४मा मधेश आन्दोलन उद्घोष गरे । त्यस समयमा पनि आन्दोलन भयो । जसमा महन्थ ठाकुरलाई कांग्रेसबाट पठाइयो । त्यसपछि उनलाई तमलोपा बनाएर ८ बुँदामा विसर्जन गरे । मधेश आन्दोलनलाई र समग्र मधेशलाई २ प्रदेशको वकालत गर्दै मधेशलाई ८ जिल्लामा सिमीत पारे । हाम्रो अभियानको उद्देश्य नै यही हो कि समग्र मधेश स्वायत्त प्रदेशको लागि हामी अहिंसावादी आन्दोलनलाई अगाडी बढाउने र झापादेखि बारासम्मको अभियानमा कार्यकर्तामा उत्साह भेटियो । नयाँ वर्ष लागेसँगै हामीले सशक्त रूपमा यो कार्यक्रमलाई अगाडी बढाउनेछौँ ।

**० तपाईंको जुन अभियान छ, यसको मुख्य उद्देश्य के हो ?**

समग्र मधेश स्वायत्त प्रदेशको स्थापना संविधानको पुनर्लेखनको माध्यमबाट हुनुपर्छ । मधेशी नेताहरूले पुनर्लेखनभन्दा भन्दै चुनावमा गए । उपेन्द्र यादवजी सहिदहरूको सहादतलाई बिर्सेर चुनावमा गए । समग्र मधेशलाई बेचेर थुप्रै महिलाको सिन्दुर पुछियो, कसैको काँख रित्तियो, कसैको आमाबुबाको छाया उजाडियो तर उनीहरूले लाशको व्यापार गरेर ८ जिल्लाको प्रदेश लिएर बसिरहेका छन् । हामी ८ जिल्लाको प्रदेशलाई मान्दैनौं । आन्दोलनको जुन उद्घोष थियो- समग्र मधेश एक प्रदेश र आत्मनिर्णयको अधिकार तथा त्यसलाई पुनर्लेखन नगरेसम्म मधेशी जनाधिकार फोरम संघर्षरत रहनेछ ।

**० चुनाव बहिष्कार गरिसके पछि संघर्ष कसरी गर्नुहुन्छ ?**

सबैभन्दा पहिले आन्दोलनको पृष्ठभूमि तयार गर्छौं । अहिंसात्मक, गान्धीवादीको हिसावले आन्दोलन सुरू गर्छौं । गोली बारूद्ध हामी चलाउने होइन । हिंसात्मक काम गर्ने होइन । वैचारिक आन्दोलनलाई मैले हेरे । विराटनगर पुग्दा त्यहाँका कार्यकर्ताहरूमा धेरै उत्साह देखियो । राजविराज, जनकपुर, महोत्तरी, सप्तरी चारैतिर यो उत्साह देखियो र आम जनताको बीचमा हामी कार्यकर्तालाई लिएर संघर्ष गर्नेछौं ।

**० तीनै तहको निर्वाचन सम्पन्न भएर प्रादेशिक सरकार गठनको तयारी भइरहेका बेला तपाईहरूको यो अभियान सार्थक हुन्छ त ?**

– हामीले समग्र मधेशको लागि गरेको हो, त्यसैले यो अभियान सार्थक नै हुन्छ । राजपा र संघीय समाजवादी फोरमले मधेशी एकताको कुरा गर्छ तर समग्र मधेश एक प्रदेशलाई तोडेर मधेशको एकता सम्भव हुँदैन । अब उनीहरू ८ जिल्लाको एक प्रदेश लिएर बसेका छन् । उनीहरूको खाने, कमाउने उपलब्धी हो, त्यो प्राप्त गरिसकेका छन् । तर हाम्रो आन्दोलन धेरै नै सार्थक हुन्छ । कार्यकर्ताहरूमा जुन उत्साह र आम जनतासँगको सम्पर्क भएको छ, त्यसकारण झापादेखि सर्लाहीसम्म त सार्थक नै भयो र बाँकी ठाउँहरूमा पनि हाम्रो यो अभियानले निकै ठूलो उपलब्धी हासिल गर्नेछ ।

**० समग्र मधेशलाई राजपा र फोरमले ८ जिल्लामा खुम्च्याइदियो भन्नु भयो तर उनीहरूले त हाम्रो मधेशको मुद्दा सकिएकै छैन भन्दै आएका छन् त ?**

– मुद्दा त बाँकी नै छ । हरेक १० वर्षमा वार्ता गर्ने, समग्र मधेशलाई २ प्रदेशमा र दुई प्रदेश छाडेर अब एक प्रदेशमा जाने यस्तो नैतिकहीन, चरित्रहीन, हात्तीको जस्तो देखाउने दाँत एउटा र अर्को खाने जस्तो छेपारे प्रवृत्ति देखाउने त्यस्ता व्यक्तिहरूको चरित्र चित्रण हामीले गर्नु पर्दैन । त्यस्ता व्यक्तिहरूको चरित्र त आम जनताले नै विश्लेषण गर्दछ ।

**० यसपटकको निर्वाचनमा राजपा र फोरमले पाएको मतलाई कुन रूपमा हेर्नुहुन्छ ?**

– यो त विवशता र लाचारीपन मधेशीको भएर नै हो । बाध्य भएर यो छद्मभेषी दोहोरो चरित्र भएता पनि मधेशी भएर अनुहार हेरेर आम जनताले भोट दिएको हो । जनताले लाचारीवश भोट दिएको हो । उनीहरूको उपकार होस् भनेर दिएको होइन ।

**० निर्वाचन सम्पन्न भइसकेपछि अब मधेशको राजनीति कता तिर जान्छ ?**

– निर्वाचन सम्पन्न भए पनि स्थानीय तहको अहिलेसम्म कुनै प्रबन्ध हुन सकेको छैन । प्रादेशिक सरकारको कर्मचारीदेखि लिएर सचिवालयसम्मको केही व्यवस्था हुन सकेको छैन । केन्द्रीय सरकार पनि कमजोर रहेको छ । सरकारले पनि भन्न थालेको छ कि प्रदेशले आफ्नो खर्च आफै धान्नुपर्नेछ । यस्तो अवस्थामा वडा सदस्यहरूलाई मोबाइल फोन देखि मेयरलाई मोटरसाइकल दिने कुरा गर्दा विकास हो कि विनाश हो । त्यसकारण जबसम्म संविधान पुनर्लेखन हुँदैन तबसम्म यो संविधान लागू हुँदैन ।

**० अब बन्न लागेको प्रादेशिक सरकार निर्माणलाई कुन रूपमा लिनुहुन्छ ?**

– प्रादेशिक सरकारका हरेक जिल्लामा विरोधका लहरहरू छन् । जुन पार्टी केन्द्रमा जितेको छ उसकै कार्यकर्ता राजधानीका लागि असन्तुष्टि व्यक्त गरेका छन् । संविधान आउने बित्तिकै खसवादी नेपाली विद्हरूले पनि भनेका छन् कि यो संविधान गलत छ, यो संविधान औचित्यहीन छ भनेर पहिले नै प्रमाणित भइसकेको छ । ९० प्रतिशतले बनाएको संविधान राजपा र संघीय फोरमले स्वीकार गरिसके पछि सदनमा त १०० प्रतिशतले नै बनाएको जस्तो भइहाल्यो । तर पनि यो संविधानले उभो लाग्न सकेको छैन । व्यवस्थापन गर्न सकिरहेको छैन । यो संविधानमा त विकट नै विकट र संकट नै संकट छ । त्यसकारण पुनर्लेखन नै एकमात्र राजनीति निकास हो ।

**० राजपा र फोरमको कार्यशैली तपाईंलाई कस्तो लाग्छ ?**

– कार्यशैली हेर्दा त अहिले पनि उनीहरूबीच हानथाप नै छ । एउटा दक्षिणपन्थी छ भने अर्को उत्तरपन्थी छ । उनीहरूबीच तालेमेल होला जस्तो मलाई लाग्दैन ।

**० अन्य पार्टीहरूको क्रियाकलाप कस्तो लाग्छ ?**

– पार्टीहरूको क्रियाकलाप त भ्रमित थियो । जसरी मधेशमा अहिले नेपाली काँग्रसलाई कुचो लगाएर फालिसके त्यसरी नै अरू दललाई पनि मधेशी जनताले फाल्नेछन् । ससंदमा नै उनीहरूको तालमेल बन्छ भन्ने विश्वसनियता छैन ।

**० तपाईंहरू आफ्नो आन्दोलनको प्रचार कसरी गर्दै हुनुहुन्छ ?**

– हरेक जिल्लामा अभियानको रूपमा जाने, आमसभा गर्ने, जनसम्पर्क गर्ने, सन्देशहरू सबै ठाउँमा पुर्‍याउने, शान्तिपूर्ण आन्दोलनको लागि जनतालाई अवगत गराउने र जनभावना बुझेर दोस्रो चरणको आन्दोलन सुरू गर्ने हो ।

**० अबका दिन मधेश कसरी अगाडी बढ्नुपर्छ ?**

– अहिलेसम्म त मधेश एक प्रदेशमा नै चलिरहेको छ र आगामी दिनमा पनि त्यसरी नै चल्नुपर्छ । इमान्दार भएर चल्ने हो भने संविधान पनि परिमार्जन हुन्छ, नभए मधेशमा जसरी कांग्रेस बढारियो त्यसरी नै अरू पार्टी पनि नबढारिएला भन्न सकिदैन ।

**० राजपा र फोरमले मधेशको मागलाई सम्बोधन गराउन सक्छ ?**

– मधेशका मागहरू राजपा र फोरमले सम्बोधन गर्न सक्दैन । यदी मधेशको माग सम्बोधन गर्नु नै थियो भने त पहिले नै उनीहरू सरकारमा भएको बेलामा नै गराउँथे नि ।

**० विगतमा नेकपा एमालेले संविधान संशोधन प्रस्तावलाई विरोध गरेको थियो तर अहिले संशोधन गर्छु भन्दै छ, के एमालेले मधेशले चाहे बमोजिम संविधान संशोधन गर्न सक्छ ?**

– उसको चाहना के छ ? मधेशको त समग्र मधेश स्वायत्त प्रदेश आत्मनिर्णयको अधिकारपूर्ण समानुपातिक निर्वाचन प्रणालीको लागि भएको हो । मधेशको चाहना बमोजिम गरेको भए बढारिएर जानुपर्ने थिएन नि । त्यसैले पनि मधेशको चाहना बमोजिम नै गर्नुपर्छ ।

**० मधेशका अधिकांश भू-भाग भारतको सिमानासँग जोडिएको छ, यस अर्थमा पनि अब बन्ने प्रादेशिक सरकारले भारतसँगको सम्बन्ध कस्तो राख्नुपर्ला ?**

– प्रदेश सरकारले मात्र होइन नेपालको केन्द्रीय सरकारले नै भारतसँग राम्रो सम्बन्ध राख्नुपर्छ । भारतसँग त हाम्रो परापूर्वकालदेखि नै सम्बन्ध जोडिएको छ । तर भारतले पनि मधेशको राजनीतिलाई सकरात्मक रूपमा हेर्नुपर्छ । मधेशको स्वायत्ततामाथिको दृष्टिकोण सकरात्मक हुनु पर्दछ । भारत आफूमा लोकतान्त्रिक, गणतान्त्रिक मुलुक हो भने नेपालको लोकतन्त्रमा मधेशको स्वायत्ततालाई पनि समेट्न जोड दिनुपर्छ भन्ने मेरो दृष्टिकोण हो ।

# आयोग प्रमुखले आर्थिक चलखेल गरे

म पार्टीलाई दोष दिन चाहन्न । किनभने राजपाले मेरो नाम दुई-दुई पटक पठाएकै हो । तर, राजपाका केही नेताहरू छन्, जसका श्रीमती, बाहरवाली पर्नेबाला थियो, उनीहरूले आयोगका प्रमुख डा. अयोधिप्रसाद यादवसँग आर्थिक चलखेल र लेनदेनको कुरा गरेर मेरो नाम हटाउन लगाइएको हो ।



रामप्रवेश बैठा
सहमहामन्त्री, राष्ट्रिय जनता पार्टी नेपाल

**० तपाईंले निर्वाचन आयोग र आफ्नै पार्टीविरूद्ध किन रिट दायर गर्नुभएको छ ?**

– राजपा नेपालले प्रदेश २ मा समानुपातिकतर्फ पाएको १० सिटमध्ये दुई जना दलित समुदायलाई पठाउनु भनेर निर्वाचन आयोगले चिठ्ठी पठाएको अवस्थामा राजपाले बन्दसूचीमा एक मात्र दलित मलाई पठाउँदा क्रम संख्या मिलेन भनेर आयोगले मेरो नाम हटाउन लगायो । सुरूमा राजपाले मेरो नाम राख्यो पछि विभिन्न कारण देखाउँदै षड्यन्त्रपूर्ण तरिकाले मेरो राजनीतिक चरित्र हत्या भयो ।

**० तपाईंलाई आफ्नै पार्टीले पनि विभेद गरेको हो ?**

– म पार्टीलाई दोष दिन चाहन्न । किनभने राजपाले मेरो नाम दुई-दुई पटक पठाएकै हो । तर, राजपाका केही नेताहरू छन्, जसका श्रीमती, बाहरबाली पर्नेबाला थियो, उनीहरूले आयोगका प्रमुख डा. अयोधिप्रसाद यादवसँग आर्थिक चलखेल र लेनदेनको कुरा गरेर मेरो नाम हटाउन लगाइएको हो । निर्वाचन आयोगकै कारण मेरो प्रतिष्ठामा आँच आएको हो ।

**० निर्वाचन आयोगका प्रमुखले आर्थिक लेनदेन गरेकै हो ?**

– हो ।

**० यसको प्रमाण छ तपाईसँग ?**

– मसँग प्रमाण त छैन । तर, निर्वाचन आयोगमाथि लागेको आरोप आगामी दिनमा प्रष्टिन्छ नै ।

**० सर्वोच्च अदालतले के आदेश दिएको छ ?**

– सर्वोच्च अदालतले १५ दिनको समय दिएर कारण देखाउ आदेश दिएको छ । राजपाको तर्फबाट एक मात्र दलित उम्मेदवार रामप्रवेश बैठालाई किन हटाइयो भनेर कारण माग गरेको हो । नेपालको सर्वोच्च न्यायालय सबैको आस्थाको केन्द्र रहेकोले म सर्वोच्च अदालतमा न्यायका लागि पुगेको हुँ । मलाई विश्वास छ, सर्वोच्च अदालतबाट म न्याय पाउँछु ।

**० भनेपछि, आयोगकै कारण तपाईंमाथि अन्याय भएको हो ?**

– मैले रिटमा प्रमुख विपक्षी निर्वाचन आयोगलाई नै बनाएको छु । तर, प्रधानमन्त्री कार्यालय, मन्त्रिपरिषद्को कार्यालय, प्रदेश २ निर्वाचन कार्यालय, राजपा कार्यालय र मेरो ठाउँमा आर्थिक चलखेल गरेर आएका व्यक्ति नेत्रविक्रम शाहसमेतलाई मैले विपक्षी बनाएको छु ।

**० नेत्रविक्रम शाहको हुन् ?**

– नेत्रविक्रम शाह पार्टीको कार्यकर्ता भए पनि उनलाई पार्टीमा धेरैले चिन्दैन । यस्तो अवस्थामा मलाई, जो मधेशवादका लागि संघर्ष गर्दै आए, मलाई नै विस्थापित गराइदियो । म तत्कालीन तमलोपा निर्माणकालदेखि नै आफ्नो योगदान दिएको हुँ । पार्टीमा मेरो धेरै योगदान छ, आज मलाई उपेक्षा गरियो । म न्याय पाउने कि नपाउने ? सुरूमा मेरो नाम पठायो र पछि हटायो । यसबाट मेरो सामाजिक प्रतिष्ठा गएको छ । यसको भर्पाई राजपा र निर्वाचन आयोगले गर्न सक्छन् ? त्यसैले म सर्वोच्च अदालतमा न्यायका लागि गुहार गर्न पुगे । अहिले संविधान कार्यान्वयनको बाटोमा छ । न्यायालयले दलितको हकमा न्याय गर्नेछ भन्ने विश्वस्त छु ।

**० तपाईंले पार्टीलाईसमेत विपक्षी बनाउनुभएको छ, पार्टीले तपाईंलाई कारबाही गरेन ?**

– मैले पार्टीलाई विपक्षी बनाएको छैन, बोदार्थ मात्रै दिएको छु । अब पार्टीले मेरो योगदानको मूल्यांकन गर्छ भने सकारात्मक रूमा लिनु पर्ने हो । नत्र भने पार्टीले जे निर्णय गर्छ मलाई स्वीकार हुन्छ ।

**० राजपामाथि लाग्दै आएको विभिन्न आरोप जस्तै, नातावाद, द्रव्यवाद लगायत के वास्तवमा त्यस्तो हो ?**

– सञ्चारमाध्यमहरूमा जुन हिसावले यस्ता कुरा आइरहेको छ त्यसमा केही न केही सत्यता छ । पहिला पार्टीले सबैलाई समेटेर गयो तर अहिले समानुपातिक नामावलीमा यस्ता कुराहरू अवश्य देखिएको छ । यस्तो आरोप राजपा नेतृत्वले खण्डन गर्न सकेको छैन । अब निर्वाचन आयोगको दबाबले गर्दा हो कि के ले हो भन्न सक्दिन । पार्टीले मसहित अन्य चार जनालाई पनि यस्तै उपेक्षा गरेको छ । यो खेदको विषय हो । राजपाको यस्तो निर्णयले गर्दा मधेशमा जुन आस्था थियो त्यसमा कमी आएको छ । विभिन्न माध्यमबाट पार्टीविरूद्ध नकारात्मक टिप्पणी पनि आएका छन् । राजपाभित्र नातावाद, कृपावाद हावी भयो, घरबाली-बाहरबालीको पार्टी हो भनेर टिप्पणीहरू पनि भएकै हो ।

**० अब तपाईंले के गर्नुहुन्छ ?**

– अहिले म सर्वोच्च अदालतको निर्णयको प्रतिक्षामा छु । सर्वोच्च अदालतले जे निर्णय गर्छ त्यो म स्वीकार गर्छु । अब मेरो आशाको केन्द्रविन्दू अदालत नै हो । हामीमाथि न्याय-अन्याय जे भएको छ, त्यसको सही मूल्यांकन सर्वोच्च अदालतले नै गर्छ । यहाँ संविधानभन्दा माथि कोही छैन । सर्वोच्च अदालतबाट न्याय पाउँछुं भन्ने विश्वासका साथ त्यहाँ गएको हुँ । सर्वोच्च अदालतको जुन आदेश हुन्छ त्यो पालना गर्छुं ।

**० तपाईंमाथि जुन विभेद भयो, यसमा तपाईंका पार्टीका नेताहरूको संलग्नता कति छ ?**

– पार्टीका नेताहरूको भनाइ के छ भने, मेरो नाम दलित कोटाबाट पठाएकै हो, अडान पनि लिएकै हो । त्यो अडानलाई नमानेको निर्वाचन आयोगले हो । निर्वाचन आयोगले ममाथि यो गर्‍यो, त्यो गर्‍यो भन्ने खालका जवाफ हाम्रा पार्टीका शीर्ष नेताहरूको छ । राजपाले जुन समानुपातिक सूची पठाएको छ त्यसमा दलित र मुस्लिमलाई पूर्ण रूपमा उपेक्षा गरेको छ । त्यस्तो निर्वाचन आयोगबाट भएको हो । राजपाले सुरूमा मेरो नाम दलित कोटामा राखेर पठाएको थियो र त्यो उचित थियो । तर, निर्वाचन आयोगले ममाथि जुन अन्याय गर्‍यो त्यसको विरूद्धमा मैले सर्वोच्च अदालतमा रिट दायर गराएको छु । त्यो रिटबाट नेपालका दलित समुदायले सर्वोच्चबाट न्याय पाउँछ भनेर आशा गरेको छु ।

**० तपाईं न्याय पाए पनि अब सांसद हुने अवस्था छ ?**

– सर्वोच्चले भनेको छ कि अहिले मेरो पक्षमा प्रमाणहरू फेला परेको छ । अहिले प्रदेश सांसदहरूले शपथ ग्रहण गरिसके, प्रमाणपत्र पाइसके । यस्तो अवस्थामा अन्तरिम आदेश गरी यो विषय वस्तुलाई गम्भीर प्रकृतिको मुद्दा महसुस गरेर सर्वोच्चले निर्णय गर्छ भनेर भनिएको छ । मैले समयमै मुद्दा दायर गरेको भए झन् ठूलो उपलब्धी पाउने थिएँ ।

**० प्रदेशसभा सदस्यहरूले शपथ ग्रहण र प्रमाणपत्र पाइसकेको अवस्थामा तपाईंको पक्षमा निर्णय आयो भने तपाईं सांसद बन्ने प्रावधान के छ ?**

– यो भन्दा पहिला पनि नजिर छ । यसभन्दा अघि पनि सर्वोच्च अदालतले राप्रपाका एउटा सांसदलाई यस्तै खालको मुद्दामा निर्णय दिएको थियो । राजपाले कलस्टरअनुसार नाम पठाए पनि निर्वाचन आयोगले किन गरेन, यसमा राजपाको दोष हो कि आयोगको ? यसको निर्क्योल निकाल्ने सर्वोच्च अदालतको काम हो ।

**० त्यसो भए तपाईं न्याय पाउनेमा आशावादी हुनुहुन्छ ?**

– म त विश्वस्त छु । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा गइसकेपछि संविधानमा उल्लेख भएअनुसार समानुपातिक समावेशिताको आधारमा सबैले न्याय पाउँछन् । त्यो अधिकार सुनिश्चितताको क्रममा मसँग भएको अन्यायलाई निरूपण गरी अधिकार दिलाउने क्षमता सर्वोच्च अदालतमा छ । कुनै देशको न्यायालयमाथि सबैको आस्था हुन्छ, त्यसैले सर्वोच्च अदालतले दलितको पक्षमा न्याय गर्छ ।

नेपालको सर्वोच्च न्यायालय सबैको आस्थाको केन्द्र रहेकोले म सर्वोच्च अदालतमा न्यायका लागि पुगेको हुँ । मलाई विश्वास छ, सर्वोच्च अदालतबाट म न्याय पाउँछु ।

––––––––––––––––

अहिले म सर्वोच्च अदालतको निर्णयको प्रतिक्षामा छु । सर्वोच्च अदालतले जे निर्णय गर्छ त्यो म स्वीकार गर्छु । अब मेरो आशाको केन्द्रविन्दू अदालत नै हो ।

# यस्ता छन् सातै प्रदेशका मुख्यमन्त्रीहरू

**प्रदेश १ :**



**शेरधन राई**

एमाले पोलिटव्यूरो सदस्य तथा पूर्वसञ्चारमन्त्री शेरधन राई भोजपुरबाट प्रदेशसभामा निर्वाचित भएका हुन् । २०३१ सालमा भोजपुरको थिदिंखामा जन्मिएका राईले समाजशास्त्र विषयमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । यसअघि २ पटक भोजपुर २ बाट संविधान सभा सदस्यमा निर्वाचित भइसकेका राई यसपटक प्रदेशसभामा चुनाव लडेका थिए । २०५६ सालमा २५ वर्षको उमेरमा चुनाव जितेर प्रतिनिधिसभामा कान्छो सांसद बनेका राई अहिले एमालेको १ नम्बर प्रदेश सह-संयोजक छन् । २०४४ सालदेखि अनेरास्ववियूमार्फत् क्रियाशील भएर भोजपुर जिल्ला कमिटी अध्यक्ष र दुई कार्यकाल अनेरास्ववियू केन्द्रीय कमिटी सदस्य बनेका राई २०५०-२०५४ सम्म अनेरास्ववियूको पूर्वाञ्चल प्रमुख बने ।

उनी नेकपा एमाले भोजपुरको प्रमुख पदमा ४ कार्यकाल निर्विरोध निर्वाचित भए । उनले २०४४ देखि २०४६ चैत २६ गतेसम्म भूमिगत जीवन पनि बिताए । उनी केपी ओलीको सरकारमा सञ्चारमन्त्री थिए । संसदीय दलको नेता नै मुख्यमन्त्री बन्ने भएपछि उनले भीम आचार्यलाई २ मतान्तरले पराजय गर्दै विजय हासिल गरेका थिए । अबका मुख्यमन्त्रीमा राई निश्चित भइसकेका छन् । यो प्रदेशमा एमाले एक्लैको बहुमत रहेपनि माओवादी केन्द्रको समर्थन रहनेछ ।

**प्रदेश २ :**



**मो. लालबाबु राउत गद्दी**

प्रदेश २ को मुख्यमन्त्रीमा नियुक्त भएका मो. लालबाबु राउतको पूरा नाम मोहम्मद लालबाबु राउत गद्दी हो । पर्सा जिल्लाको क्षेत्र नम्बर १ 'ख'बाट प्रदेशसभामा निर्वाचित राउतको जन्म वि.सं. २०२३ असार १५ गते भएको हो । राउत पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका- ४ का स्थायी निवासी हुन् । उनी हाल वीरगन्ज महानगरपालिका- १३ तेजारथ टोलमा बस्दै आएका छन् । राउतले अंग्रेजीमा स्नातकोत्तर र कानुनमा स्नातक गरेका छन् । राउतले पढाइ पछि अस्थायी रूपमा वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसमा १० वर्ष अध्यापनसमेत गरेका छन् । उनले तत्कालीन वीरगन्ज नगरपालिकामा १५ वर्ष काम गरेका र २०७० सालको संविधानसभा निर्वाचनमा चुनाव लड्न जागिरबाट राजीनामा दिएका थिए । वीरगन्जको एक सामान्य किसान परिवारमा जन्मिएका राउत विद्यार्थीकालदेखि नै राजनीतिमा सक्रिय रहेका छन् । प्रारम्भमा नेपाल विद्यार्थी संघ हुँदै कांग्रेसमा प्रवेश गरेका मो. राउत मधेस आन्दोलन अगावै उपेन्द्र यादव नेतृत्वको फोरममा २०५८ सालदेखि सक्रिय रहेका छन् । २०५७ सालमा गैरसरकारी संस्थाका रूपमा फोरम स्थापना भएदेखि अध्यक्ष यादवलाई सक्रिय रूपमा सघाएका राउतले मधेस आन्दोलनमा सक्रिय सहभागिता जनाएका थिए । उनले २०७० सालदेखि फोरममा उपाध्यक्षको पद सम्हाल्दै आएका थिए। दोस्रो संविधानसभामा समानुपातिक सभासद बनेका उनी मुख्यमन्त्री बन्ने योजनाका साथ प्रदेशसभामा झरेका थिए । पर्सा १ 'ख'मा ३ हजार बढी मतले प्रतिद्वन्द्वीलाई पराजित गर्दै उनी विजयी भएका थिए ।

**प्रदेश ३ :**



**डोरमणि पौडेल**

एमालेका बृद्ध नेता डोरमणि पौडेल ३ नम्बर प्रदेशको मुख्यमन्त्री बनेका छन् । २० बर्षदेखि नेपाल नगरपालिका संघको नेतृत्व हाँक्दै आएका उनी मुख्य मन्त्री बने । काठमाडौंको फर्पिङमा २००२ मा जन्मिएका पौडेल हेटौंडा उपमहानगरपालिका-११, नवलपुरका स्थायी वासिन्दा हुन् । पौडेलले विएसम्मको शिक्षा हासिल गरेका छन् । २०३० सालदेखि विद्यार्थी राजनीतिमा लागेका उनी २०३६ सालदेखि सक्रिय राजनीतिमा छन् । एमाले मकवानपुरको पूर्व जिल्लासदस्य रहेका उनी हाल ३ नम्बर प्रदेश कमिटी सदस्य रहेका छन् । हेटौंडा नगरपालिकामा २ पटक मेयर भइसकेका पौडेल मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ 'ख'बाट निर्वाचित भएका हुन् । उनले हेटौंडाको नवलपुरमा रहेको त्रिभुवन माध्यमिक विद्यालयमा २०३२ देखि १० बर्ष शिक्षक भएर काम समेत गरेका थिए । उनी लामो समय अर्धभूमिगत समेत थिए । २०४६ सालको जन आन्दोलनका बेला तत्कालीन सरकारले उनको टाउकोको मूल्य समेत तोकेको थियो । त्यो बेला उनी ६० दिनसम्म भारतमा बसेका थिए । उनी चार पटक जेल र १८ पटकसम्म प्रहरी हिरासतमा समेत परे ।

**प्रदेश ४ :**

नेकपा एमालेको पोलिटब्यूरो सदस्य पृथ्वीसुब्बा गुरूङ २०१४ सालमा लमजुङमा जन्मिएका हुन् । हाल उनी लमजुङबाटै प्रदेशसभामा निर्वाचित भएका छन् । २०३४ सालदेखि राजनीतिमा लागेका गुरूङले २०३७ सालमा तत्कालीन नेकपा मालेको सदस्यता लिएर राजनीति शुरू गरे । दुई पटकसम्म संसदीय चुनावमा पराजित भएका गुरूङ २०६४ सालको चुनावमा एमालेका तर्फबाट विजयी भए ।



**पृथ्वीसुब्बा गुरूङ**

गुरूङ गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारका पर्यटनमन्त्री थिए । गुरूङ एमालेभित्र जातीय राजनीति गर्ने नेताका रूपमा चिनिन्छन् । अशोक राई, राजेन्द्र श्रेष्ठ लगायतका नेताले एमाले छोडेपनि उनले भने परित्याग गरेनन् । गुरूङ एमाले भित्र केपी ओली निकट नेताका रूपमा चिनिन्छन् ।

**प्रदेश ५ :**



**शंकर पोखरेल**

शंकर पोखरेल एमालेको केन्द्रीय राजनीतिबाट प्रादेशिक राजनीतिमा छिरेका नेता हुन् । उनलाई एमालेले शुरूमै मुख्यमन्त्रीको पद दिने गरी प्रदेशमा पठाएको थियो । उनी निर्विरोध संसदीय दलका नेता भए । पोखरेल विद्यार्थी राजनीतिबाट राजनीतिमा आएका हुन् । भारतमा अध्ययन गर्दै गर्दा प्रवासी नेपाली विद्यार्थीहरूको नेताको रूपमा उनले काम गरेका थिए । अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थीको संस्थापक अध्यक्ष भएर पोखरेलले काम गरेका थिए ।

अनेरास्ववियुको अध्यक्ष, त्रिभुवन विश्वविद्यालयको स्ववियु सभापति हुँदै उनी एमालेको राजनीतिमा आए । उनी तत्कालीन समयमा एमालेभित्र मदन भण्डारीसँग निकट थिए । पोखरेल २०१९ सालमा दाङको तुल्सीपुरमा जन्मिएका हुन् । हाल उनी नेकपा एमालेको स्थायी कमिटी सदस्य छन् । २०३६ सालमा भएको विद्यार्थी आन्दोलन, २०४५ र ४६ मा पञ्चायती व्यवस्था अन्त्यका लागि भएको आन्दोलन, २०६२/६३ को जनआन्दोलनमा पोखरेल सहभागी थिए । उनी ३२ वर्षको उमेरमा पहिलोपटक २०५१ सालमा दाङको क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभामा निर्वाचित भएका थिए । त्रिभुवन विश्वविद्यालयबाट एमबीए तहको अध्ययन पूरा गरेका पोखरेल भूराजनीति र अर्थशास्त्रबारे राम्रो ज्ञान राख्छन् ।

**प्रदेश ६ :**

महेन्द्रबहादुर शाही देउवा नेतृत्वको सरकारमा ऊर्जामन्त्री थिए । माओवादीका पूर्वलडाकूकमाण्डर रहेका शाहीको युद्धकालमा कालिकोटको माओवादी संगठन विस्तारमा योगदान रहेको छ । शाही अख्तियारका तत्कालीन



**महेन्द्रबहादुर शाही**

प्रमुख लोकमानसिंह कार्कीविरूद्ध संसदमा महाअभियोगको प्रस्ताव दर्ता गर्ने मध्येका एक नेता हुन् ।

२०३३ सालमा कालिकोटमा उनको जन्म भएको हो । ०५२ सालको सशस्त्र जनयुद्धको शुरूदेखि भूमिगत भएका शाहीले एसएलसीसम्म अध्ययन गरेका छन् । हाल नेकपा माओवादी केन्द्र, केन्द्रीय समिति सदस्य र भेरी, कर्णाली राष्ट्रिय मुक्ति मोर्चाको अध्यक्षको रूपमा काम गरिरहेका छन् । उनले २०४८ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए । साथै उनले माओवादी पार्टी भित्र थुप्रै जिम्मेवारी निर्वाह गरेका थिए । सुरूमा वार्ड कमाण्डर, स्क्वाड कमाण्डर, प्लाटुन कमाण्डर, कम्पनी कमाण्डर, बटालियन कमाण्डर, बिग्रेड कमाण्डर हुँदै डिभिजन कमाण्डर सम्मको नेतृत्व गरेका उनी नेपाली सेनामा सम्मानजनक पद नपाएको भन्दै मूलधारको राजनीतिमा आएका हुन् । २०७० सालमा उनी कालिकोटबाट निर्वाचित भएका थिए ।

**प्रदेश ७ :**

**त्रिलोचन भट्ट**



त्रिलोचन भट्ट डोटी प्रदेशसभा क्षेत्र नं २ बाट निर्वाचित सांसद हुन् । भट्ट अहिले नेकपा माओवादी केन्द्रको पोलिटब्यूरो सदस्य तथा डोटी जिल्ला अध्यक्ष रहेका छन् । ४८ वर्षीय भट्ट गरिवीका कारण ८ कक्षाको पढाइ छोडेर १४ बर्षमै भारत पसेका थिए । २०४७ सालबाट अखिल भारत नेपाल एकता समाजको सदस्यबाट उनले राजनीति शुरू गरेका थिए । उनले मुम्बाईमा रहेको प्रवास कमिटी कोषाध्यक्षको पदमा रहेर काम समेत गरेका थिए । माओवादी युद्धको समयमा प्रवासबाट गरिने विभिन्न व्यबस्थापकीय जिम्मेवारी समेत उनी निर्वाह गर्थे । २०५६ सालमा भारतको जागिर छोडेर उनी माओवादीको जनयुद्धमा मिसिएका हुन् ।

२०६१ साल पछि उनी पूर्णरूपमा भूमिगत भएका हुन् । २०६३ मा उनले डोटी जिल्ला सहइन्चार्ज भएर काम गरेका थिए । २०६४ मा जिल्ला इन्चार्ज भएका उनी २०७१ देखि नेकपा माओवादी केन्द्रको पोलिटब्यूरो सदस्य समेत छन् । २०६४ र ०७० को दुईवटै निर्वाचनमा हार व्यहोरेका भट्टले अहिले प्रदेश सभामा जित निकालेका हुन् ।


## कृषकहरूलाई अनुरोध

**बालीको उत्पादन बढाउन अवलम्बन गरिने विभिन्न प्रविधिको साथमा रोगकीरा व्यवस्थापनको लागि प्रयोग हुने विषादीको प्रयोग पनि एक हो । रसायनिक विषादीहरु विष हुन् । यिनीहरूले मानव स्वास्थ्य तथा वातावरणमा नकारात्मक असर पुराउने गर्दछ त्यसैले यिनीहरूको प्रयोग सुरक्षित तवरले गर्नुपर्ने हुन्छ । रोगकीरा व्यवस्थापनका लागि सकेसम्म आइपीएम प्रविधि अवलम्बन गरौं । विषादी बाहेकका वैकल्पिक उपायहरू अपनाऔं । विषादी नै प्रयोग गर्नु पर्ने भए प्राविधिकको सिफारिसमा उचित मात्रा, समय तथा तरिकाले सुरक्षित किसिमले प्रयोग गरौं । विषादी प्रयोगपछि उपभोगसम्म पर्खनु पर्ने समय अनिवार्य पर्खि प्रयोगको लागि बाली टिपौं र बजार पुराऔं ।**

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

**कृषि विभाग**

**बाली संरक्षण निर्देशनालय, हरिहरभवन**


## भारतीय सेनाध्यक्ष रावत स्वदेश फिर्ता



काठमाडौं । प्रधान सेनापति राजेन्द्र क्षत्रीको निमन्त्रणामा ३ दिने नेपालको औपचारिक भ्रमणको सिलसिलामा सोमबार काठमाडौं आइपुगेका मित्रराष्ट्र भारतका भारतीय सेनाध्यक्ष तथा नेपाली सेनाका मानार्थ महारथी जनरल विपिन रावत भ्रमण सम्पन्न गरी बुधबार स्वदेश फिर्ता भएका छन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बलाध्यक्ष रथी हेमन्तराज कुँवरले बिदाई गरेका थिए । नेपाल एकीकरणको २५० वर्षगाँठ मनाउने क्रममा मंगलबार सैनिक मञ्च टुँडिखेलमा आयोजना गरेको **'सेना दिवस २०७४'** को कार्यक्रममा विशेष अतिथिको रूपमा सहभागी भएका रावतले नेपालमा रहँदा राष्ट्रपति र प्रधानमन्त्री तथा प्रधानसेनापति राजेन्द्र क्षत्रीसँग छुट्टा-छुट्टै भेटवार्ता गर्नुको साथै नेपालका केही महत्वपूर्ण धार्मिक स्थलहरूको समेत भ्रमण गरेका थिए । उच्च तहको सैनिक नेतृत्व वर्गको यस किसिमको भ्रमणले नेपाली सेना र भारतीय सेनाबीच रहँदै आएको आपसी सौहार्दपूर्ण सम्बन्धको साथै द्विपक्षीय हित र पारस्परिक सम्बन्धलाई मिलिटरी डिम्लोमेसीको माध्यमबाट थप सुमधुर एवम् प्रगाढ बनाउन मद्धत पुग्ने विश्वास लिइएको छ ।

## बालक साइकल दौड प्रतियोगिता सम्पन्न

**राकेश यादव, रौतहट ।** रौतहट जिल्लाको सदरमुकाम गौरमा महाशिवरात्रि पर्वको अवसरमा आयोजित प्रथम बालक साइकल दौड प्रतियोगिता बुधबार सम्पन्न भएको छ । १५ वर्षमुनिको बालकको खेलकूदको माध्यमबाट मानसिक एवं शारीरिक विकास गर्ने उद्देश्यले समाज विकास परिषद्ले आयोजना गरेको प्रतियोगिताको समाजसेवी, संचारउद्यमी एवं नेकपा एमालेको तर्फबाट गौर नगरपालिकाको प्रमुख पदको प्रत्यासी शम्भू साहले उद्घाटन गरेका थिए । ८४ जना बालक सहभागिता रहेको प्रतियोगितामा विजयी भएकालाई एक-एक वटा साइकल उपहार दिइएको छ । प्रतियोगितामा प्रथम स्थान हासिल गरेका महमद मजिउल्लाह, दोस्रो विवेक साह र तेस्रो सिवान कौसरलाई पुरस्कार वितरण गर्दै साहले बच्चाको मानसिक, संवेदनात्मक विकास गर्नुपर्ने जरूरी रहेको बताएका छन् ।

## मधेश अपडेट

### लालबाबु राउत मुख्यमन्त्रीमा नियुक्त

जनकपुरधाम । प्रदेश नं. २ को मुख्यमन्त्रीमा संघीय समाजवादी फोरम नेपालका उपाध्यक्ष मो.लालबाबु राउत गद्दी नियुक्त भएका छन् । बुधबार राउतलाई प्रदेश प्रमुख रत्नेश्वर लाल कायस्थले मुख्यमन्त्री नियुक्त गरेका हुन् । कार्यालय परिसरमा आयोजित कार्यक्रममा प्रदेश प्रमुख कायस्थले राउतलाई मुख्यमन्त्री नियुक्त गरेको पत्र प्रदान गरेका छन् । प्रदेश २ मा राजपा र फोरमले गठबन्धन बनाएर चुनाव लडेका थिए भने मन्त्रालय बाँडफाँडका लागि सहमति पनि गरेको थियो । समतिअनुसार फोरमले मुख्यमन्त्री र राजपाले सभामुख लिने भाडवण्डा मिलाएका थिए । राजपाको समर्थनमा राउतले मंगलबार मात्र मुख्यमन्त्री नियुक्त गर्न दाबी पेश गरेका थिए । १०७ सदस्यीय प्रदेशसभामा फोरमका २९ र राजपाका २५ गरी ५४ सांसद छन् । यता, राजपा फोरम गठबन्धनलाई मो. रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले पनि समर्थन गरेको थियो ।

### सिंचाई सचिव यादवको अन्त्येष्टि



नारद कोहार, कपिलवस्तु । कार दुर्घटनामा मृत्यु भएका सिंचाई मन्त्रालयका सचिव रामानन्द यादवको आइतबार सम्मानसहित अन्त्येष्टि गरिएको छ । काठमाडौ फर्कने क्रममा शनिबार धादिङमा दुर्घटनामा परेका सचिव यादवको गृहस्थान बहादुरगंजस्थित सुरही खोलामा दाहसंस्कर गरिएको छ । यादवलाई दाजु छेदीप्रसादले दागबत्ती दिएका थिए । यादवको सम्मानमा सशस्त्र प्रहरीले शोक सलामी अर्पण गरेको थियो । यादवको दाहसंस्कारमा सिचाई मन्त्री संजयकुमार गौतम, सिंचाई राज्यमन्त्री अमरसिंह पुन, सिचाई सह-सचिव सागरकुमार राई, विभागका महानिर्देशक अशोक सिंह, कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी मदन भुजेल लगायतका सरकारी अधिकारीले सहभागी थिए । सचिवसँगै दुर्घटनामा ज्यान गुमाएकी कृष्णनगर नगरपालिका बहादुरगंजकी १५ वर्षीय उन्नती गुप्ताको पनि दाहसंस्कार गरिएको छ । सचिव यादव सवार बा २ झ ३१४० नम्बरको कार शनिबार धादिङको सलाङघाटमा त्रिशूलीमा नदि खसेको थियो । दुर्घटनामा यादवका २२ वर्षीय छोरा सन्तोष अझै बेपत्ता छन् ।

### लूटतन्त्र अन्त्य हुनुपर्छ : उपेन्द्र यादव

राकेश यादव, रौतहट । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले लुटतन्त्रको अन्त्य नभएसम्म गणतन्त्र बलियो नहुने बताएका छन् । रौतहटको गरूडा नगरपालिकाको प्रथम नगर सभाको उद्घाटन सत्रमा सम्बोधन गर्दै अध्यक्ष यादवले तीन दलप्रति लक्षित गर्दै पहिला भनिदै आएका मर्सिया र धोती अब कसैले भन्ने साहस गर्न सकिदैन मधेशमा मधेशीको नेतृत्व स्थापित भएकोले हेप्ने प्रवृतिको अन्त्यत भइसकेको बताए । महाभारतमा पाण्डव र कौरवको उदाहरण दिँदै अध्यक्ष यादवले भने शासकवर्गले बन्जर जमीन भनेर दिएको २ नंबर प्रदेश भविष्यमा इन्द्रापरस्त बन्नेछन् । गणतन्त्र, संघीयता, समावेशितालाई संस्थागत गर्न संघर्ष जारी रहेको बताउँदै यसको रक्षा गर्नका लागि संघर्षको स्वरूप परिवर्तन गरेको उल्लेख गरे । अधिकारको साथसाथै विकास निर्माणको संघर्ष गरिनु पर्ने अहिलेको आवश्यकता रहेको जोड़ दिँदै संघीयता, लोकतन्त्र, गणतन्त्र मजबूत बनाउन पहिलादेखि कायम रहेको लूटतन्त्र, भ्रस्टतन्त्रको अन्त्य गरिनुपर्ने धारणा राखे ।

### नेपाल-भारत सिमानामा संयुक्त गस्ती

कपिलवस्तु । नेपाल-भारतको संयुक्त गस्ती पट्रोल दुबै देशको सीमा सुरक्षामा खटिएका छन् । सशस्त्र प्रहरी बल र भारतका सीमा सुरक्षा बल एक आपसमा समन्वय गरी महिनाको दुई पटकसम्म आफ्नो जिम्मेवारी इलाकामा गस्ती पट्रोल गरी सिमानामा हुने विभिन्न किसिमका आपराधिक क्रियाकलाहरू जस्तै अवैध रूपमा चोरी निकासी, मानव बेच बिखन, लागु औषध तथा घुसपैठका गतिविधिहरू नियन्त्रणमा सघाउ पुगेको छ । संयुक्त गस्ती पट्रोलमा नेपालका तर्फबाट सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट ( बि.ओ.पी.) मर्यादपुर खुनुवाको स.प्र.नि. अमृत बहादुर दुलालको कमाण्डमा १३ जना र सीमा सुरक्षा बल एसएसबीका तर्फबाट इन्सपेक्टर श्याम सिंहको कमाण्डमा १३ जनाको सयुक्त टोली पिलर नं. ५५२ देखि ५५७ सम्म संयुक्त गस्ती पट्रोल गरेका छन् । समन्वय सीमा सुरक्षमा दसगजा गस्ती पट्रोल सयुक्तरूपमा गस्ती हुँदा सीमामा भएको राजस्व चुहावटमा नियन्त्रण भई राजस्व बृद्धिमासमेत सघाउ पुगेको सप्रनि अमृत बहादुर दुलालले बताए । महिनामा २ चोटी सयुक्त रूपमा नेपाल र भारत सीमा सुरक्षा बल समन्वय सीमा सुरक्षामा दसगजा गस्ती पट्रोल गर्ने गरेका छन् ।

### मुख्यमन्त्रीका लागि दाबी पेश गर्न आह्वान

कैलाली । प्रदेश नम्बर ७ को मुख्यमन्त्रीका लागि दाबी पेश गर्न प्रदेश प्रमुख मोहनराज मल्लले आह्वान गरेका छन् । बहुमत सांसदको समर्थन जुटाउन सक्ने प्रदेशसभाका सांसदलाई मुख्यमन्त्रीको नियुक्तिका लागि दाबी पेश गर्न बुधबार आह्वान गरेका छन् । प्रदेश प्रमुखको कार्यालयद्वारा प्रकाशित सूचनामा नेपालको संविधानको धारा १६८ को उप धारा-१ बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने कुनै पनि राजनीतिक दलको स्पष्ट बहुमत रहेको नदेखिएकाले उपधारा २ बमोजिम बहुमत सदस्यको समर्थन स्पष्ट देखिने गरी मुख्यमन्त्रीमा नियुक्त हुन यही फागुन ४ गते दिउँसो ११ बजेभित्र प्रदेश प्रमुखसमक्ष दाबी पेश गर्न आह्वान गरिएको उल्लेख गरिएको छ । प्रदेश ७ मा वाम गठबन्धनको बहुमत रहेको छ । जसमा एमालेका २५ र माओवादी केन्द्रका १४ सांसद छन् भने कांग्रेसका १२ र राष्ट्रिय जनता पार्टी नेपालका दुई सांसद छन् ।

### रौतहटमा झडप, दर्जनौं घाइते

राकेश यादव, रौतहट । रौतहट जिल्लाको बृन्दाबन नगरपालिकाको विश्रामपुरमा स्थानीय र सुरक्षाकर्मीबीच झडप हुँदा एक दर्जनभन्दा बढी घाइते भएका छन् । नगरप्रमुख रामस्नेही यादवले नगर कार्यालय सार्ने निर्णय गरेको विरोधमा स्थानीयहरूले तोडफोड गर्न थालेपछि प्रहरीले रोक्न खोज्दा झडप भएको हो । विगत ४ दिनदेखि कार्यालयमा तालाबन्दी गरेका स्थानीयहरू नगर कार्यपालिकाको बैठक सञ्चालन भैरहेको ठाउँ स्थानीय स्वास्थ्य केन्द्रको सभाहल नजिक पुगेर तोडफोड गर्न लाग्दा स्थिति नियन्त्रणमा लिन प्रहरीले २१ राउण्ड आश्रु ग्यास प्रहार गरेको इलाका प्रहरी कार्यालय गरूडाको प्रहरी निरीक्षक गोविन्द थापाले बताएका छन् । थापाका अनुसार सशस्त्र प्रहरीका १४ र नेपाल प्रहरीका २ गरी १६ जना सुरक्षाकर्मी घाइते भएका छन् । विश्रामपुरमा रहेको केन्द्र गौर चन्द्रनिगाहपुर सडकखण्डसँग जोडिएका हर्साहामा सार्ने निर्णयप्रति स्थानीयहरू आक्रोशित भएका छन् ।

### एच. आइ. भी. संक्रमितलाई कम्बल वितरण

राजविराज । एच. आइ. भी. संक्रमित २० जनालाई एक संस्थाले कम्वल वितरण गरेको छ । धर्मी हल्फा महिला विकास क्लबले हेल्प नेपाल नेटवर्कको सहयोगमा २० जना एच. आई. भी. संक्रमित व्यक्तिहरूलाई सोमवार गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराजमा कम्बल वितरण गरेको छ । संस्थाको अध्यक्ष एवम् समाजसेवी ई. सूर्य नारायण यादव, अस्पतालको मेडिकल सुप्रिडेन्टेन्ट डा. दया शंकरलाल कर्ण, र नेपाल पत्रकार महासंघ शाखा सप्तरीको उपाध्यक्ष सुधा देवले संयुक्त रूपमा कम्वल वितरण गरेको छ । कार्यक्रममा अस्पतालको एच. आई. भी. फाँटका इञ्चार्ज सुनिता यादव, प्रशासन प्रमुख सूर्य नारायण महतोको समेत उपस्थिति रहेको कुरा संस्थाको अध्यक्ष एवम् समाजसेवी ई. यादवले बताए ।

### २३औं जनयुद्ध दिवस मनाइयो

कपिलवस्तु । कपिलवस्तुमा २३औं जनयुद्ध दिवस भव्य रूपमा मनाइएको छ । २२ वर्षअघि आजकै दिन अर्थात २०५२ फागुन १ गते तत्कालीन नेकपा माओवादीले रोल्पा, सिन्धुली, र गोरखाका प्रहरी चौकीमाथी आक्रमण गरि सशस्त्र युद्धको थालनी गरेको थियो । माओवादी जनवादी राज्य सत्ता स्थापना गर्ने घोषणासहित थालेको जनयुद्धका क्रममा करीब १६ हजार नेपालीको ज्यान गएको थियो । मओवादीले फागुन १ गतेलाई जनयुद्ध दिवसका रूपमा मनाउँदै आएको छ । २०५२ साल फागुन १ गते आजकै दिन मओवादीले हतियार उठाएर जनताको मुक्तिका लागि भन्दै सशस्त्र युद्ध शुरू गरेको थियो । २०५२ फागुन १ गतेदेखि जनयुद्ध सुरू गरेको स्मरण गर्दै माओवादीहरूले यो दिवस मनाएका छन् । २०५२ मा सुरू भएको जनयुद्ध १० वर्ष चलेको थियो । २०६३ मंसिर ६ गते विस्तृत शान्तिसम्झौतापछि तत्कालीन नेकपा माओवादी शान्तिप्रक्रियामा आएको थियो ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# प्रदेश २ को नाम 'मध्यमधेश' उपयुक्त

बिषय - प्रदेश न. २ को नामाकरणको सम्बन्धमा

"मधेशको राष्ट्रिय मुक्तिमा नै कोचिला, मिथिला, भोजपुरा, अवध र थरूहट को मुक्ति निहित छ। अहिले मधेशको राष्ट्रिय मुक्तिको संघर्ष संकटमा रहेकोले हाम्रो प्रत्येक क्रियाकलाप र निर्णयहरू मधेशी राष्ट्रिय चेतनाको विकास र मधेशी राष्ट्रिय एकतालाई दरिलो पार्ने तिर उन्मुख हुनु पर्छ।'

दुई न. प्रदेशको संभावित नाम केवल दुई न. प्रदेशको मात्रै नभएर मधेशका अन्य भुभाग रहेका मधेशीजनको लागि चासो, चर्चा र सरोकारको विषय रहेको छ। यसै क्रममा यसका विभिन्न संभावित नामहरू जस्तै 'मध्य मधेश', 'मधेश', 'मिथिला', 'विदेह', 'जनक' 'मिथिला(भोजपुरा', 'मिथिला(मधेश' प्रदेश इत्यादि चर्चामा छन। यी नामहरू आफैमा गरिमामय र धेरै अर्थमा सान्दर्भिक र उपयुक्त देखिन्छ। तर अहिलेको अवस्थामा यो बिषय केवल सांस्कृतिक र एतिहासिक पहिचान र सम्मान संग सम्बन्धित नभएर समग्र मधेशको राष्ट्रिय मुक्ति संघर्ष र वीर मधेशी सहिदहरूको सम्मान र सपनासंग जोडिएको हुनाले नितिगत, रणनीतिक र न्यायको हिसाबले पनि यो प्रदेशको नाम 'मध्य मधेश' हुनु पर्छ। यो आलेखमा यसको पक्षमा केही आधारहरू प्रस्तुत गरिएको छ।

आधुनिक नेपाल राज्यको स्थापना काल देखि नै मधेश आन्तरिक उपनिवेश र राष्ट्रिय उत्पीडनका शिकार हुदै आइरहेको छ। मधेश आन्दोलन मुलत: यहि उपनिवेशवादको अन्त्य र मधेशको राष्ट्रिय मुक्तिमा केन्द्रित थियो। यसमा नेपाल राज्यको पुनस्संरचना गर्दै संघीय व्यवस्थामा स्वायत्त मधेश प्रदेशको स्थापनाको संकल्पना निहित थियो।

अहिलेको संघीय संरचना मधेश आन्दोलनले खोजेको जस्तो छैन। यो स्वायत्त मधेश प्रदेशको स्थापनाको सपना माथी तुषारापात गरेको छ। सम्पुर्ण मधेशलाई खण्ड खण्डमा विभाजित गरेको छ। यो नेपाली बर्चस्ववादी नश्लीय राज्य सत्ताको मधेशलाई खण्डित र कमजोर पार्ने षड्यन्त्र हो। तर अहिलेको दुई न. प्रदेशको स्थापना मधेश मुक्तिको आन्दोलन कै आंशिक उपलब्धि हो।

'मध्य मधेश' मा मधेश आन्दोलनको आंशिक उपलब्धि र अपुरो मधेश मुक्तिको यात्राको अर्थ निहित छ। र यसले भविष्यमा पुर्वीय मधेश र पश्चिम मधेशलाई पनि मुक्त गर्नु पर्ने राजनीतिक कार्यदिशा र एतिहासिक दायित्वलाई निर्धारित गर्छ। यसले दुई न. प्रदेशलाई अबको मधेश राष्ट्रिय मुक्तिको आन्दोलनको लागि आधार ईलाकाको रूपमा विकास गर्ने संभावना प्रस्तुत गर्छ।

राजनीति मुक्ति मा नै भाषिक र सांस्कृतिक मुक्ति अन्तर्निहित हुन्छ। मधेशको राजनीति मुक्तिमा नै मिथिला(भोजपुरा सहित मधेशको अन्य भाषा(संस्कृतिको मुक्ति निहित छ। मधेशको राष्ट्रिय मुक्ति नभए सम्म मधेशको कुनै भाषा( संस्कृति को मुक्ति वा विकास संभव छैन। मधेशको राष्ट्रिय मुक्ति विना भाषिक वा सांस्कृतिक मुक्ति केवल मृगतृष्णा हुनेछ। अहिले मधेशको राष्ट्रिय मुक्तिको आन्दोलन र राजनीति नै संकटमा रहेकोले हाम्रो सबै प्रयास मधेशी राष्ट्रिय चेतनाको विकास र मुक्तिको संभावनालाई जिवित राख्नमा केन्द्रित हुनु पर्छ।

मिथिला वा यस्ता अन्य नामहरूमा मधेशका अन्य भुभाग का मधेशीहरूलाई सद्भाव भए पनि अपनत्व र स्वामित्व

## ज्ञापनपत्र



*प्रदेश २ का मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाउँदै सामाजिक अभियन्ता सरोज कुमार राय।*

हुने छैन। तर 'मध्य मधेश'ले पुर्व र पश्चिमको मधेश सहित सम्पुर्ण मधेशमा भावनात्मक एकता स्थापित गर्ने छ। यो मधेशी राष्ट्रिय चेतनाको निर्माण र मधेश मुक्ति संघर्षको लागि आधार तैयार गर्ने छ।

अहिलेको चर्चामा दुई प्रकृतिका नामहरू रहेका छन। चर्चामा रहेका एउटा प्रकृतिको नामहरू प्रदेश न. दुईको भाषा(संस्कृति र एतिहासिक धरोहरमा आधारित छन, जस्तै - मिथिला, मिथिला(भोजपुरा, विदेह वा जनक प्रदेश। दोस्रो प्रकृतिको नामहरू 'मधेश' संग अन्तरसम्बन्धित छ, जस्तै( 'मधेश प्रदेश'।

भाषा(सांस्कृतिकर एतिहासिक धरोहरमा आधारित नामको सम्बन्धमा

प्राय भाषा(संस्कृति क्षेत्रमा काम गर्ने र रूची राख्ने व्यक्तिहरूमा भाषा(सांस्कृतिक वा एतिहासिक धरोहरसंग अन्तरसम्बन्धित नाम हुनु पर्ने विशेष आग्रह देखिन्छ। उनीहरूको बुझाईमा यसले स्थानीय संस्कृतिक पहिचान सम्मानित र संरक्षित हुनेछ। लामो समय सम्म सांस्कृतिक( भाषिक उत्पीडनमा रहेको समुदायको लागि सांस्कृतिकर भाषिक वा एतिहासिक धरोहरको आधारमा नामाकरण हुनु धेरै अर्थमा उपयुक्त र स्वाभाविक नै देखिन्छ। तर समग्र मधेश बृहत हित र नीतिगत, रणनीतिक र न्यायको हिसाबले पनि यी दुई न. प्रदेशको सन्दर्भमा यी नामहरू उपयुक्त हुने छैन।

नेपालमा संघिय व्यवस्था अन्तर्गत अन्य प्रदेश सहित दुई न. प्रदेशको स्थापना महान मधेश आन्दोलनको जगमा भएको हो। अहिलेको संघीय संरचना संघीय सिद्धान्त र मधेश आन्दोलनको मांगको अनुरूप नभए पनि यो मधेश आन्दोलनकै आंशिक उपलब्धि हो। यो उपलब्धि प्राप्त गर्न तीन(तीन वटा मधेश आन्दोलनको क्रममा सयौं वीर मधेशीहरू सहादत दिएका छन भन्ने हजारौंको संख्यामा अंगभंग र घाइते भएका छन। यो सबै मधेशको पहिचान, सम्मान र स्वायत्त मधेश प्रदेशको स्थापनाको लागि भएको थियो। आन्दोलनको क्रममा आन्दोलनकारीहरू मधेश भरी नै नेपाल सरकारको ठाउँमा 'मधेश सरकार' लेखेका थिए। यसमा नै सम्पूर्ण मधेश आन्दोलनको भावनाको सारमा अभिव्यक्त भएको थियो। अतस् मधेश आन्दोलन कुनै भाषा संस्कृतिको विशेष राज्य को स्थापना हैन कि एउटा मजबुत स्वायत्त मधेश राज्यको परिकल्पना गरेको थियो।

अहिले को प्रदेश न. दुई प्रदेशको स्थापना केवल मिथिला(भोजपुरा क्षेत्रका आन्दोलन र सहिदहरूको लगानीले प्राप्त भएको छैन, यसमा पुर्वीय र पश्चिम मधेशका आन्दोलन र सहिदहरूको पनि उतिकै योगदान छ। अतस् यो प्रदेशको नाम निर्धारण गर्दा उनीहरूको भावनाको पनि सम्मान र पुर्वीय र पश्चिम मधेशको स्वामित्व र अपनत्व हुने प्रकृतिको हुनु पर्छ। यसमा उनीहरूको मुक्तिको पनि कार्यदिशा र आस्वासन हुनु पर्छ।

पछिल्लो समयमा नेपालको राजनीतिमा 'मधेश' शब्द राष्ट्रिय उत्पीडनबाट मुक्ति र प्रतिरोधको राजनीतिको प्रतीक रूपमा स्थापित भएको छ। अहिले पूर्वीय र पश्चिम मधेशमा मधेश राजनीति संकटमा छ। यदि दुई न प्रदेशमा पनि मधेश विमर्शलाई जीवित राख्न सकिएन भने मधेश विमर्श नै संकटमा पर्ने छ। एतिहासिक वा सांस्कृतिक नाम मधेशको प्रतिरोधी विम्बको प्रतिस्थापन वा क्षतिपूर्ति हुन सक्दैन। मिथिला तथा यस्ता सांस्कृतिकरएतिहासिक नाम मधेशको आन्तरिक एकतालाई खण्डित गर्ने छ जो अहिलेको समयमा दुर्भाग्यपूर्ण हुनेछ।

'मधेश प्रदेश' नामाकरणको अर्थ

स्वायत्त मधेश प्रदेशको स्थापना मधेश आन्दोलनको मुल ध्येय थियो। यस अर्थमा पुर्व झापा देखि पश्चिम कंचनपुरपुर सम्मको भुभागलाई मधेश आन्दोलनले 'मधेश' को रूपमा पुनस् स्थापित र नविकरण गरेको थियो। यसमा गैरवशाली मधेश राष्ट्रको स्थापना तथा यसको मुक्तिको अधार पनि निहित थियो। तर अहिले मधेश मुक्तिको यात्रा अधुरो र अपुरो अवस्थामा छ। हामी केवल मधेशको मध्य भुभागलाई मात्र दुई न प्रदेशको रूपमा स्थापित गर्न सफल भएका छौ। त्यो पनि स्वायत्त इकाई को रूपमा हैन। तसर्थ यस उपलब्धिलाई हामी ले सम्पुर्ण मधेशको मुक्तिको लागि रणनीतिक रूपमा उपयोग गर्नु पर्छ।

यसको 'मधेश प्रदेश' नमाकरण आफैमा मधेश आन्दोलनको मुल कार्यभार र मर्म प्रति गद्दारी हुनेछ। 'मधेश प्रदेश' नामाकरण एक अर्थमा मधेश आन्दोलनको मुल उदेश्यको प्राप्ती पूरा भैसकेको र मधेश मुक्तिको संघर्ष को विसर्जनको औपचारिक घोषणा हुनेछ। यो आफैमा त्रासदी हुनेछ। यो वर्चस्वशाली नेपाली राज्य सत्ताको मधेशलाई सप्तरी देखि पर्सा सम्म सिमित गर्ने षड्यन्त्रमा सहभागी हुने सरह हुनेछ। यसले केवल मधेशवादी शक्ति र नेतृत्वको पूर्ण सहवरण स्पष्ट हुने मात्रै हैन कि गौरवशाली मधेश आन्दोलनको पनि गरिमाको क्षय हुनेछ। यो बृहत मधेशी पहिचान, स्वाभिमान र स्वायत्तताको लागि ज्यान उत्सर्ग गरेका सहिदहरूको सपना संगको विश्वासघात हुनेछ।

सारमा

दुई न प्रदेशको अन्य नामहरू पनि केही अर्थमा उपयुक्त देखिए पनि सम्पुर्ण मधेशमा एकता स्थापित गर्ने सवाल र मधेशी राष्ट्रिय चेतनाको विकासको लागि 'मध्य मधेश' नै सर्वाधिक उपयुक्त नाम हो। यसले मधेशको मुक्तिको राजनीतिको बाँकी कार्यसुची र कार्यदिशा निर्धारण गर्छ। यसले पुर्वीय र पश्चिम सहित सम्पुर्ण मधेशको आन्दोलन र सहिदको सम्मान हुनेछ। सबभन्दा महत्त्वपूर्ण यसले मधेशलाई नेपालको राजनीतिक विमर्शमा जिवित राख्दै भावी मधेश मुक्तिको संघर्षको दुई न प्रदेशलाई आधार ईलाकाको रूपमा स्थापित गर्ने छ। अतस् नितिगत र रणनीतिक हिसाबले दुई न. प्रदेशको नाम 'मध्य मधेश' नै सर्वाधिक उपयुक्त देखिन्छ। यी आधारहरूमा माननीय विधायक ज्यु संग हामी आग्रह गर्न चाहन्छौ, दुई न. प्रदेशको नाम 'मध्य मधेश' राखियोस् र तपाईले यसमा सक्रिय सकारात्मक भूमिका निर्वाह गरि दिनु पर्यो।

धन्यवाद।

..............................

सरोज कुमार राय
प्रतिनिधि
तराई मधेश राष्ट्रिय परिषद

# 'म राजपाको छनोटमा किन पर्न सकिन ?'



**सोनिया खातुन**

राजपा नेपालको तर्फबाट प्रतिनिधि सभाको सदस्य भएकोमा तपाईलाई बधाई छ ! अधिकारीक ब्यक्तिहरू बाट फोन गरि बधाई पाइरहेकि थिए। केही अनलाईन मिडियाहरूमा फोटो सहितका समचारहरू प्रकाशित भए। कि अचानक थाहा पाए निर्वाचन आयोगमा चिट्ठी बुझाउने बेलामा नाम फेरियो, अर्को चिट्ठी बनाइयो, पुनः पुरानो निर्णय उल्टाउदै अर्को माइन्युटिङ लेखियो। थाह पाउन सकिएन किन यस्तो भयो, म किन छनोटमा पर्न सकिन ???

विगत १५ वर्षदेखि निरन्तर पार्टीको काममा लागि रहे, सानादेखि ठूला कुनै पनि बैठक मिस गरिन, संगठनले अराहेको हरेक कार्यहरू पूरा गरे, झापाको मेची बहुमुखी क्याम्पसदेखि कैलाली बहुमुखी क्याम्पस इकाई समितिसम्म गठन गर्न पुगे, पार्टी संगठन रहेको मधेशको २० जिल्ला मात्र होइन पहाडका क्याम्पसहरूमा समेत संगठन निर्माण गर्न पुगे, समकालीन कुनै पुरूष सहकर्मीभन्दा पनि धेरै ठाउँहरूमा संगठन निर्माणको शिलशिलामा पुगे। हरेक आन्दोलनमा सहभागी भए, पटकपटक घाइते भए। उम्मेदवार हुने लायकको योग्यता यस्तै त होला नि ! पार्टीले समावेशी समानुपातिक उम्मेदवार बनायो, समावेशी समूहको मुख्य क्लस्टरबाट भएकोले हौसला बुलन्द थियो, प्रदेश र राष्ट्रिय सभामा मुस्लिम सहभागिता नगराइएको र प्रदेश न १ बाट एक्लो प्रतिस्पर्धी भएकोले चौतर्फी नैतिक दबाब थियो तसर्थ ढुक्क थिए। चुनावमा मात्रै सुनसरीदेखि धनुषासम्म १०० भन्दा बढी कोण एवं आमसभाहरू भ्याए, भ्याएसम्म प्रचारप्रसार र मतदाताको घरघर गइ ढोका ढकढकाए।

मधेशी मुस्लिम परिवारको महिला भएर संगठनको यो कार्यमा निरन्तरता दिनु सानो तिनो आत्मविश्वासले सम्भव थिएन। धेरै व्यक्तिगत र परिवारिक आकांक्षाहरूको गाला रेटे, झुठा लान्छना सहे, पार्टी समाजकै लागि बाँचे। मेरो कार्य हेरेर काग्रेस एमाले माओवादी पार्टीका शीर्ष नेताहरूले ठुला ठुला अपसर दिने प्रलोभन नदिएका होइनन् तर मेरो निष्ठा डगमग भएन। डब्बल मास्टर्स भएकोले जागीरे हुने बाटो पनि मसँग थियो तर राजनीतिमै समर्पण भइ देशको सेवा गर्ने, मधेशी मुस्लिम सीमान्तकृतहरूलाई मूलधारमा ल्याउने भुत म माथी सवार थियो। आफ्नो युवा ऊर्जा सम्पूर्ण राजनीतिमा लगाए तर इच्छाएको राजनीतिक प्रतिस्पर्धामा अटाउन सकिन। यस अवसरको विधाता आदरणीय ६ सदस्यीय अध्यक्ष मण्डल ज्यूहरूले मेरो अहितमा निर्णय गरे पनि पार्टी, समाज र राष्ट्रको हितमा होस ! भन्ने अपेक्षा सहित मेरा लागि पहल गर्ने कामना गर्ने सुनसरीसहित १ न प्रदेशका पार्टी पंक्ति, राष्ट्रिय मुस्लिम संघर्ष समिति, आदरणीय मेरा नेता पि सि एम राजेन्द्र महतो लगायत सबैमा धन्यवाद व्यक्त गर्दछु। सामाजिक संजाल लगायत प्रार्थना दुवामा मेरा लागि कामना गर्ने सबैलाई हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु। माननीय हुने सबैमा हार्दिक बधाई तथा शुभकामना !! आस्थावादी भएकोले जे हुन्छ अझ राम्रो हुनका लागि हुन्छ भन्ने आत्मविश्वासका साथ मैले अझै पनि हौसला तोडको छैन। तोडने छैन।

## संक्षिप्त समाचार

### प्रदेश नं १ को मुख्यमन्त्रीमा शेरधन

मोरङ। प्रदेश नं १ को मुख्यमन्त्रीमा नेकपा (एमाले) का नेता शेरधन राई नियुक्त भएका छन्। प्रदेश प्रमुख प्रा डा गोविन्दबहादुर तुम्बाहाङले एमाले प्रदेश संसदीय दलका नेता राईलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन्। एमाले र नेकपा (माओवादी केन्द्र)को समर्थनमा राईले मुख्यमन्त्रीमा नियुक्त गर्न सोमबार प्रदेश प्रमुखसमक्ष दाबी पेश गरेका थिए। प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा प्रदेश प्रमुख तुम्बाहाङले राईलाई नियुक्तिपत्र प्रदान गरेका हुन्।

### प्रदेश ५ को मुख्यमन्त्रीमा पोखरेल

रूपन्देही। प्रदेश नं. ५ को मुख्यमन्त्रीमा नेकपा एमालेका नेता शंकर पोखरेल नियुक्त भएका छन्। प्रदेश प्रमुख उमाकान्त झाले एमाले संसदीय दलका नेता पोखरेललाई मुख्यमन्त्री नियुक्त गरेका हुन्। माओवादीको समर्थनमा एमालेले सरकार गठनका लागि आइतार नै दाबी पेश गरेको थियो। तर, सभामुख चयन भइसकेपछि मात्र पोखरेल मुख्यमन्त्री नियुक्त भएका छन्।

### दुईदिने विपद् व्यवस्थापन गोष्ठी सम्पन्न

बाँके। स्थानीय तहका निर्वाचित पदाधिकारी र सदस्यका लागि सञ्चालित विपद् व्यवस्थापनसम्बन्धी दुईदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ। जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा भएको गोष्ठीमा विपद् व्यवस्थापनसम्बन्धी ऐन, कानून र नीति, नियमका विषयमा सहभागीहरूलाई ज्ञान दिइएको थियो। गोष्ठीमा डुडुवा, राप्तीसोनारी, नरैनापुर, जानकी, खजुरा, वैजनाथ, नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिकाका प्रमुख, उपप्रमुख, विपद् व्यवस्थापनका मुख्य सम्पर्क व्यक्ति, विषयगत क्षेत्र अगुवा निकायका प्रमुख एवं प्रतिनिधिलगायतको सहभागिता थियो।

### मठ मन्दिरको सरफाई

वीरगंज। महाशिवरात्रीको अवसरमा हिन्दू परिषद नेपाल पर्साले वीरगंजस्थित अलखिया मठ मन्दिरको बृहत सरसफाई गरेको छ। परिषद पर्साका अध्यक्ष धर्मेन्द्र पटेलको नेतृत्वमा भएको सरसफाई कार्यक्रममा मन्दिर संचालक समितिका पदाधिकारी, परिषद्का सदस्यहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरीको सकृय सहभागितामा सरसफाई भएको थियो।

### अखिल क्रान्तिकारीद्वारा रक्तदान

कपिलवस्तु। अखिल क्रान्तिकारी वाणगंगा बहुमुखी क्याम्पस ईकाई समितिको आयोजनामा वाणगंगा क्याम्पसमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। रेडक्रस सोसाइटी बुटवल भौरहवाको विशेष सहयोगमा आयोजित कार्यक्रममा २५० भन्दा बढीको सहभागिता रहेको कार्यक्रममा ८२ युनिट रगत संकलन भएको छ।

### शिव सेनाको शाखा बिस्तार

नेपालगन्ज। नेपाल शिवसेना बाँकेले आफ्नो शाखा विस्तार गरेको छ। नेपाल शिवसेनाका केन्द्रीय अध्यक्ष राजकुमार रौनियारको अध्यक्षमा डुडुवा गाउँपालिका वडा नं. ५, ६, छिटईपुर्वा, नयाँबस्तीमा नागेश्वर यादवको अध्यक्षतामा वडा समिति गठन गरिएको छ। नव गठित वडा समितिको उपाध्यक्षमा भुसैली वर्मा, सचिवमा दुखेलाल वर्मा, सहसचिवमा रामनरेश यादव तथा कोषाध्यक्षमा देशराज यादव रहेको केन्द्रीय सदस्य मदन राज शर्माले बताए।

### बालक मृत फेला

रूपन्देही। बुटवल उपमहानगरपालिका-९ शिबनगरस्थित नहरमा एक बालक मृत फेला परेका छन्। सोही उपमहानगरपालिका-११ बुद्धनगर डेरा गरी बस्ने स्याङजाका मनबहादुर थापाका छोरा १८ महिनाको शिशिर थापा सोमबार मृत अवस्थामा फेला परेका छन्। बच्चाको आमालाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ।

### कवाडी गोदाममा आगलागी

मोरङ। बिराटनगर महानगरपालिका-८ हाटखोला चोक स्थित एक कवाडी गोदाममा आगलागी हुँदा ४० लाखभन्दा बढीको धनमाल जलेर नष्ट भएको छ। सोही नगरपालिका-७ बस्ने किशोर रौनियारको एकतले कवाडीको गोदाममा मंगलबार आगलागी भएको थियो। सो आगलागीबाट करीब ४० लाख रूपैयाँ बरावरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ।

### मालवाहक ट्रकमा आगलागी

बाँके। नेपालगंज उपमहानगरपालिका-२० जमुनाहस्थित भन्सार कार्यालयको एक मालवाहक ट्रकमा आगलागी हुँदा १० लाखभन्दा बढीको क्षति भएको छ। कार्यालयको नयाँ कम्पाउन्ड भित्र राखेको गए द्दद्द ट ज्ञद्धढढ भारतीय नम्बरको मालबाहक ट्रकमा मंगलबार विधुत सर्ट भई आगलागी भएको थियो। सो आगलागीबाट करिब १० लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ।

### लागू औषधसहित तीन जना पक्राउ

मोरङ। बुढीगंगा गाउँपालिका-४ स्थित राहुल पेट्रोल पम्प अगाडि कोशी राजमार्गमा सवारी साधन जाँच गर्ने क्रममा तीन जनालाई लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ। को.२९ प १६८३ नम्बरको मोटरसाइकलका चालक सुनसरी गढी गाउँपालिका-२ बस्ने २५ वर्षीय साजन हरिजनले झोलामा लुकाई ल्याएको १ केजी गाँजा र १० बोतल कोरेक्स फेला पारी मोटरसाइकलमा सवार कटहरी गाउँपालिका-४ बस्ने २१ वर्षीय प्रमोद राय र २२ वर्षीय दिपक राम समेत ३ जनालाई उक्त लागूऔषध र मोटरसाइकल सहित मंगबार प्रहरीले पक्राउ गरेको छ।


## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

# प्रतिनिधिसभा समानुपातिक सदस्यको अन्तिम नामावली

**नेकपा एमाले**
१. मुकुन्द न्यौपाने, खसआर्य (पुरूष)
२. विजय सुब्बा, आदिवासी जनजाति (पुरूष)
३. मोहन वानियाँ, पिछडिएको क्षेत्र (पुरूष)
४. मोतीलाल दुगड, मधेशी (पुरूष)
५. राधा कुमारी ज्ञवाली, खसआर्य (महिला)
६. विन्दा पाण्डे, खसआर्य (महिला)
७. गोमा देवकोटा, खसआर्य (महिला)
८. कल्याणी कुमारी खड्का, खसआर्य (महिला)
९. निरूदेवी पाल, खसआर्य (महिला)
१०. मनकुमारी जिसी, खसआर्य (महिला)
११. मायादेवी न्यौपाने, खसआर्य (महिला)
१२. विष्णु शर्मा, खसआर्य (महिला)
१३. सरीता न्यौपाने, खसआर्य (महिला)
१४. मैना कुमारी भण्डारी, खसआर्य (महिला)
१५. तीर्था गौतम, खसआर्य (महिला)
१६. थममाया थापा, आदिवासी जनजाति (महिला)
१७. डा. शिवमाया तुम्बाहाम्फे, आदिवासी जनजाति (महिला)
१८. सुजिता शाक्य, आदिवासी जनजाति (महिला)
१९. रामकुमारी झाँक्री, आदिवासी जनजाति (महिला
२०. विना श्रेष्ठ, आदिवासी जनजाति (महिला)
२१. कु.तुल्सी थापा, आदिवासी जनजाति (महिला)
२२. नविना लामा, आदिवासी जनजाति (महिला)
२३. शान्ति माया तामाङ पाख्रिन, आदिवासी जनजाति (महिला)
२४. कुमारी मेचे, आदिवासी जनजाति (महिला)
२५. विनादेवी बुढाथोकी मगर, आदिवासी जनजाति (महिला)
२६. निरादेवी जैरू, दलित (महिला)
२७. विमला विश्वकर्मा, दलित (महिला)
२८. विमला विक, दलित (महिला)
२९. पार्वतीकुमारी विसुंखे, दलित (महिला)
३०. सानु शिवा, दलित (महिला)
३१. आशाकुमारी विक, दलित (महिला)
३२. जुलीकुमारी महतो, मधेशी (महिला)
३३. डा. पुष्पा कुमारी कर्ण कायस्थ , मधेशी (महिला)
३४. सरलाकुमारी यादव, मधेशी (महिला)
३५. रेखाकुमारी झा, मधेशी (महिला)
३६. सरिताकुमारी गिरी, मधेशी (महिला)
३७. शान्ता चौधरी, थारू (महिला)
३८. लक्ष्मीकुमारी चौधरी, थारू (महिला)
३९. गंगा चौधरी, थारू (महिला)
४०. कालिला खान, मुस्लिम (महिला)
४१. समिना हुसेन, मुस्लिम (महिला)

**नेपाली कांग्रेस**
१. बालकृष्ण खाण, खसआर्य (पुरूष)
२. दिलेन्द्र बडू, खसआर्य (पुरूष)
३. किशोरसिंह राठौर, खसआर्य (पुरूष)
४. सत्यनारायण खनाल, खसआर्य (पुरूष)
५. सूर्यबहादुर केसी, खसआर्य (पुरूष)
६. रामबहादुर विष्ट, पिछडिएको क्षेत्र (पुरूष)
७. बहादुरसिंह लामा, आदिवासी जनजाति (पुरूष)
८. कर्मा घले, आदिवासी जनजाति (पुरूष)
९. उमेश श्रेष्ठ, आदिवासी जनजाति (पुरूष)
१०. लालकाजी गुरूङ, आदिवासी जनजाति (पुरूष)
११. जिपछिरिङ लामा, आदिवासी जनजाति (पुरूष)
१२. दिव्यमणि राजभण्डारी, आदिवासी जनजाति (पुरूष)
१३. मानबहादुर विश्वकर्मा, दलित (पुरूष)
१४. मीन विश्वकर्मा, दलित (पुरूष)
१५. प्रकाश रसाइली, दलित (पुरूष)
१६. विनोद चौधरी, मधेशी (पुरूष)
१७. स्मृतिनारायण चौधरी, मधेशी (पुरूष)
१८. नगेन्द्रकुमार राय, मधेशी (पुरूष)
१९. पद्मनारायण चौधरी, थारू (पुरूष)
२०. पार्वती डिसी चौधरी, थारू (महिला)
२१. नमिताकुमारी चौधरी, थारू (महिला)
२२. अतहर कमल मुसलमान, मुस्लिम (पुरूष)
२३. सर्वत आरा खानम, मुस्लिम (महिला)
२४.सुजाता कोइराला, खसआर्य (महिला)
२५. पुष्पा भुसाल, खसआर्य (महिला)
२६. डिला संग्रौला, खसआर्य (महिला)
२७. मीना पाण्डे, खसआर्य (महिला)
२८. उमा रेग्मी, खसआर्य (महिला)
२९. रंगमती शाही, पिछडिएको क्षेत्र (महिला)
३०. ज्ञानकुमारी छन्त्याल, जनजाति (महिला)
३१प्रमिला राई, जनजाति (महिला)
३२. महेन्द्रकुमारी लिम्बू, जनजाति (महिला)
३३. हीरा गुरूङ, जनजाति (महिला)
३४. मीना सुब्बा, जनजाति (महिला)
३५.सुजाता परियार, दलित (महिला)
३६. लक्ष्मी परियार, दलित (महिला)
३७. विमला नेपाली, दलित (महिला)
३८.सीतादेवी यादव, मधेशी (महिला)
३९. चित्रलेखा यादव, मधेशी (महिला)
४०. मीनाक्षी झा, मधेशी (महिला)

**नेकपा माओवादी केन्द्र**
१. चुडामणि खड्का, खसआर्य (पुरूष)
२. जयपुरी घर्तीमगर, आदिवासी जनजाती (पुरूष)
३. पूर्णकुमारी सुवेदी, खसआर्य (महिला)
४. धर्मशिला चापागाई, खसआर्य (महिला)
५. सत्य पहाडी, खसआर्य (महिला)
६. सीता पोखरेर्ल, खसआर्य (महिला)
७. रेखा शर्मा, खसआर्य (महिला)
८. शशी श्रेष्ठ, आदिवासी जनजाति (महिला)
९. ओनसरी घर्ती, आदिवासी जनजाति (महिला)
१०. यशोदा गुरूङ, आदिवासी जनजाति (महिला)
११. अमृता थापा, आदिवासी जनजाति (महिला)
१२. अञ्जना विशङ्खे, दलित (महिला)
१३. दुर्गा विक, दलित (महिला)
१४. इन्दु शर्मा, मधेशी (महिला)
१५. बोधमाया यादव, मधेशी (महिला)
१६. रामकुमारी चौधरी, थारू (महिला)
१७. चाँदतारा कुमारी, मुस्लिम (महिला)

**राष्ट्रिय जनता पार्टी नेपाल**
१. निर्जला राउत, खसआर्य (महिला)
२. नरमाया ढकाल, खसआर्य (महिला)
३. रानी मण्डल, आदिवासी जनजाति (महिला)
४. अमृता अग्रहरी, आदिवासी जनजाति (महिला)
५. चन्दा चौधरी, मधेशी (महिला)
६. दुलारी देवी खङ, दलित (महिला)

**संघीय समाजवादी फोरम नेपाल**
१. राजेन्द्र श्रेष्ठ, खसआर्य (पुरूष)
२. सरिता गिरी, खसआर्य (महिला)
३. रोहिनाज, मुस्लिम (महिला)
४. रेणु यादव, मधेशी (महिला)
५. रेणुका गुरूङ, जनजाति (महिला)
६. कलुदेवी विश्वकर्मा, दलित (महिला)

# शेरबहादुर देउवा सरकारले गरेका नियुक्तहरू

| क्र.सं. | मिति | नियुक्ति | व्यक्ति | समुदाय |
|---|---|---|---|---|
| १. | २०७४ असार १ | नायब महालेखा परीक्षक | पदमराज पौडेल | गैरमधेशी |
| २. | २०७४ असार ८ | विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको कार्यकारी निर्देशक | दिवाकर ढुंगेल | गैरमधेशी |
| ३. | २०७४ असार ८ | विशेष अदालतको सदस्य | बाबुराम रेग्मी | गैरमधेशी |
| ४. | २०७४ असार २६ | प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकार | डा. दिनेश भट्टराई | गैरमधेशी |
| ५. | २०७४ साउन ५ | निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्ष | राजेन्द्रप्रसाद नेपाल | गैरमधेशी |
| ६. | २०७४ साउन ५ | निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष | कमलनारायण दास | मधेशी |
| ७. | २०७४ साउन ५ | निर्वाचन क्षेत्र निर्धारण आयोगका सदस्य | माधव अधिकारी | गैरमधेशी |
| ८. | २०७४ साउन ५ | निर्वाचन क्षेत्र निर्धारण आयोगका सदस्य | डा.विश्वकल्याण पराजुली | गैरमधेशी |
| ९. | २०७४ साउन ५ | निर्वाचन क्षेत्र निर्धारण आयोगका सदस्य | गणेशराज कार्की | गैरमधेशी |
| १०. | २०७४ साउन ५ | निर्वाचन क्षेत्र निर्धारण आयोगका सदस्य-सचिव | वेगेन्द्रराज शर्मा पौडेल | गैरमधेशी |
| ११. | २०७४ साउन १२ | गृहमन्त्रीको विज्ञ | सुरेन्द्रबहादुर शाह | गैरमधेशी |
| १२. | २०७४ साउन १९ | राष्ट्रिय आयोजना आयोगको उपाध्यक्ष | डा.स्वर्णिम वाग्ले | गैरमधेशी |
| १३. | २०७४ साउन ३१ | मानव अंग प्रत्यारोपण विकास समितिको अध्यक्ष | डा.विनोदमान श्रेष्ठ | गैरमधेशी |
| १४. | २०७४ साउन ३१ | जी.पी. कोइराला राष्ट्रिय स्वासप्रश्वास उपचार विकास समितिको अध्यक्ष | डा.पुष्पा चौधरी | मधेशी |
| १५. | २०७४ साउन ३१ | गैरआवासी सैनिक सहचारी | कुमार बाबु थापा | गैरमधेशी |
| १६. | २०७४ साउन ३१ | गैरआवासी सैनिक सहचारी | मधुकरसिंह कार्की | गैरमधेशी |
| १७. | २०७४ भाद्र २६ | अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष | नरेन्द्रराज बस्नेत | गैरमधेशी |
| १८. | २०७४ भाद्र २६ | प्रधानमन्त्रीको आर्थिक सल्लाहकार | ज्ञानचन्द्र आचार्य | गैरमधेशी |
| १९. | २०७४ असोज २ | राष्ट्रिय योजना आयोगको सदस्य | डा.गोविन्दराज भट्ट | गैरमधेशी |
| २०. | २०७४ असोज २ | सञ्चारमन्त्रीको विज्ञ | छक्क बहादुर खड्का | गैरमधेशी |
| २१. | २०७४ असोज २३ | राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष | चन्द्रमणि पौडेल | गैरमधेशी |
| २२. | २०७४ असोज २३ | राष्ट्रिय सेवा दलको कार्यकारी महानिर्देशक | रमिन्द्र क्षेत्री | गैरमधेशी |
| २३. | २०७४ असोज २३ | नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत | चन्द्रसिंह साउद | गैरमधेशी |
| २४. | २०७४ असोज २७ | नेपाल खानेपानी संस्थानको महाप्रबन्धक | भुपेन्द्र प्रसाद | गैरमधेशी |
| २५. | २०७४ असोज २७ | कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत | विष्णुबाबु मिश्र | गैरमधेशी |
| २६. | २०७४ कार्तिक ६ | राष्ट्रपतिको निजी चिकित्सक | डा.यादव कुमार देव भट्ट | गैरमधेशी |
| २७. | २०७४ कार्तिक ६ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत | युवराज भुसाल | गैरमधेशी |
| २८. | २०७४ कार्तिक ६ | मुख्यसचिव | लोकदर्शन रेग्मी | गैरमधेशी |
| २९. | २०७४ कार्तिक ६ | राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष | दक्ष पौडेल सुवास | गैरमधेशी |
| ३०. | २०७४ कार्तिक २० | रक्षा सचिव | विनोद के.सी. | गैरमधेशी |
| ३१. | २०७४ कार्तिक २७ | राष्ट्रिय सूचना आयोगको सचिव | शंकरप्रसाद पाठक | गैरमधेशी |
| ३२. | २०७४ कार्तिक २७ | नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष | दीगम्बर झा | मधेशी |
| ३३. | २०७४ कार्तिक २७ | निक्षेप तथा कर्जा सुरक्षण कोषको अध्यक्ष | रामकुमार आचार्य | गैरमधेशी |
| ३४. | २०७४ मंसिर १४ | लुम्बिनी विकास परिषद्को उपाध्यक्ष | अवधेशकुमार त्रिपाठी | मधेशी |
| ३५. | २०७४ मंसिर २५ | गोरखापत्र संस्थाको महाप्रबन्धक | बसन्तप्रकाश उपाध्याय | गैरमधेशी |
| ३६. | २०७४ मंसिर २५ | चलचित्र विकास बोर्डको अध्यक्ष | निकिता पौडेल | गैरमधेशी |
| ३७. | २०७४ पुस १२ | स्वास्थ्य मन्त्रालय, सचिव | डा. पुष्पा चौधरी | मधेशी |
| ३८. | २०७४ पुस २३ | स्वास्थ्य बीमा बोर्डको कार्यकी निर्देशक | गुणराज लोहनी | गैरमधेशी |
| ३९. | २०७४ पुस २८ | पुनरावेदन समितिको अध्यक्ष | हेमराज पन्त | गैरमधेशी |
| ४०. | २०७४ माघ ३ | प्रदेश १ प्रमुख | डा. गोविन्द सुब्बा | गैरमधेशी |
| ४१. | २०७४ माघ ३ | प्रदेश २ प्रमुख | रत्नेश्वर लाल कायस्थ | मधेशी |
| ४२. | २०७४ माघ ३ | प्रदेश ३ प्रमुख | अनुराधा कोइराला | गैरमधेशी |
| ४३. | २०७४ माघ ३ | प्रदेश ४ प्रमुख | बाबुराम कुँवर | गैरमधेशी |
| ४४. | २०७४ माघ ३ | प्रदेश ५ प्रमुख | उमाकान्त झा | मधेशी |
| ४५. | २०७४ माघ ३ | प्रदेश ६ प्रमुख | दुर्गाकेशर खनाल | गैरमधेशी |
| ४६. | २०७४ माघ ३ | प्रदेश ७ प्रमुख | मोहनराज मल्ल | गैरमधेशी |
| ४७. | २०७४ माघ ११ | परिवार नियोजन संघको अध्यक्ष | चक्रबहादुर गिरी | गैरमधेशी |

## नेपाली कलाकारको तालिम भारतमा



काठमाडौं । नेपाली चलचित्र क्षेत्रका विविध विधामा ख्यातिप्राप्त २० जना कलाकार भारतमा कलाकारितासम्बन्धी तालिम लिँदैछन् । माघ २९ देखि फागुन १९ सम्म भारतको पुनेमा फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट अफ इन्डिया (एफटिआइआई)ले उपलब्ध गराउने तालिममा रासा सिद्धान्त, बोध सम्झना, प्रस्तुति, दृश्यात्मक कार्य तथा ओठ तुल्यकालनजस्ता विषयमा जानकारी उपलब्ध हुनेछ । तालिम अवधिभर भारतीय कलाकारसँग कार्यशाला, नृत्य, योगा तथा मुम्बईस्थित चर्चित सुटिङस्थलको दृश्यावलोकन गराइने नेपालस्थित भारतीय राजदूतावासले जनाएको छ । नेपाली कलाकारलाई भारत सरकारले उपलब्ध गराएको पहिलो अवसरले चलचित्र क्षेत्रमा नयाँ आयाम थप्ने नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले जानकारी दिए । भारतको इन्फरमेसन एन्ड बोर्डकास्टिङअन्तर्गत सन् १९६० मा स्थापना भएको भारतको चलचित्र तालिम संस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चर्चित छ । भारतको चर्चित संस्थामा तालिम लिन पाउनु सुखद अवसर भएको मैथिली र भोजपुरी भाषाका कलाकार टोली सरकारले बताए । तालिममा जान लागेका २० कलाकारमध्ये आठ महिला कलाकार र १२ पुरूष रहेका छन् ।

## इण्डियन आर्ट फेयरमा नेपालको चित्रकला

काठमाडौं । भारतको नयाँदिल्लीमा भइरहेको १०औँ इण्डिया आर्ट फेयरमा नेपालका सात चित्रकलाकारका चित्र समावेश भएको छ । नेपाल कला परिषद्का उपाध्यक्ष सागरशम्शेर राणा र कला निरीक्षक स्वस्ति राजभण्डारीले संयोजन गरेको सो मेलामा नेपालका जीवन राजोपाध्याय, चिराग बाङ्देल, सुजन डङ्गोल, रवीन्द्र श्रेष्ठ, मेख लिम्बू, सविता डङ्गोल र सुनिता महर्जनका चित्र राखिएका छन् । माघ २६ देखि २९ गतेसम्म ओख्ला इण्ड्रष्ट्रियल ग्राउण्ड, नयाँदिल्लीमा भएको मेलामा यो नेपालको तेस्रो सहभागिता हो । सन् २००८ देखि शुरू भएको यस्तो मेला चित्रकलामा दक्षिण एशियाकै ठूलो मेला मानिन्छ ।

## करियर गाइडेन्स् प्रदर्शनी हुने

काठमाडौं । भारतको डब्लुआरआई ग्लोबल र इन्स्ट्यान्ट प्रमोटर्सको आयोजनामा काठमाडौंमा चारदिने करियर गाइडेन्स् सेसन हुने भएको छ । शिक्षामा अहिलेको बजारको माग, अध्ययन र अनुसन्धानका नवीनतम् परिवर्तनलाई समेटेर सेसन गर्न लागिएको डब्लुआरआई ग्लोबलका प्रबन्ध निर्देशक विकल्पराज पोखरेलले जानकारी दिए । सेसनमा भारतको अमिटी विश्वविद्यालय, नोइडा अन्तर्राष्ट्रिय विश्वविद्यालय, प्रस्तावित निट्टे मानित विश्वविद्यालय, निटम मानित विश्वविद्यालयलगायतको सहभागिता रहनेछ ।

## ओडिसी नृत्य प्रस्तुत



काठमाडौं । नेपाल-भारतबीचको कुटनीतिक सम्बन्धको ७० औं वर्ष पुगेको र महाशिवरात्री पर्वको अवसरमा काठमाडौंस्थित भारतीय दूतावासले एक सांस्कृतिक कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा ओडिसी नृत्य प्रस्तुत गरिएको छ । कार्यक्रममा भारतको ओडिसाबाट बहुमुखी प्रतिभाकी धनी डा. सुजुता मिश्राको नेतृत्वमा १० सदस्य टोली आएको छ । ओडिसी नर्तकी र कोरियोग्राफर डा. मिश्रा पछिल्लो चार दशकदेखि यस क्षेत्रमा योगदान पुऱ्याउँदै आएकी छिन् । कार्यक्रमको प्रमुख आतिथ्यता नेपाली नायिका मिथिला शर्माले गरेकी थिइन भने उदघाटन भारतीय राजदूत मन्जिव सिंह पुरीले गरेका थिए ।

## भारतबाट दुई ब्यान्ड आइपुगे

काडमाडौं । भारतीय सेनाको १४ गोरखा प्रशिक्षण केन्द्रका पाइप एन्ड ड्रम्स तथा ५८ गोरखा प्रशिक्षण केन्द्रको सैन्य ब्यान्डसहित २ ब्यान्ड संगीतिक प्रस्तुतीका लागि नेपाल आइ पुगेको छ । नेपाल सेना दिवसको अवसरमा भाग लिन नेपाल सेनाको निम्तोमा दुबै ब्यान्ड नेपाल आएको छ । 'द सनसेट कन्सर्ट' नाम दिइएको कार्यक्रमलाई दुबै ब्यान्डले विभिन्न प्रकारका स्मरणात्मक आवाजहरूमार्फत नेपाली गीत, बलिउड र हलिवुडका आधुनिक लोकप्रिय गीतहरूको प्रस्तुती दिने छन् ।



## विश्व समुदाय...

# चेतावनी र पाकिस्तानविरूद्धको सुझाव

**-मंजूर अहमद**

द फ्राइडे टाइम्सको पछिल्लो सम्पादकीय मार्फत पाकिस्तानका प्रख्यात पत्रकार निजम सेठीले आफ्ना देशवासीहरूलाई 'अनपेक्षित प्रतिफलहरू' सम्बन्धमा चेताउँदै अमेरिकाले पाकिस्तानलाई दण्डित गर्न वित्तिय सहयोग रोक्का गरेको सम्भावना यस प्रकार व्यक्त गरेका छन् - "अमेरिकाले सोचेर नै पाकिस्तानलाई दण्डित गर्न अर्को पाइला चाल्न सक्नेछ भने त्यसले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई समेत पाकिस्तानमाथि आफ्नो कडा रूख पनि अपनाउन समेत अग्रसर हुनेछ किनकि त्यसले विकसित बक्यौता भुक्तानीको संकटसँग समेत जुझ्दै आएको छ। त्यसले अमेरिकामा हुने पाकिस्तानी निर्यातमाथि समेत प्रतिबन्ध लगाउन सक्नेछ। त्यसले विश्वव्यापी स्तरमा प्रदान गर्ने वित्तीय प्रवाहलाई सुरक्षित र आलोचनात्मक प्रकृतिको स्वीफ्टमा पुग्ने क्रममा समेत पाकिस्तानी व्यापारिक कारोबारहरूमाथि समेत प्रहार गर्न सक्नेछ।" अर्को कुरा - "त्यसले पाकिस्तानी सैनिक अधिकारीहरू र संस्थाहरूको प्रतिबन्धित अथवा आतंकवादी संगठनहरूसँग अवैध सम्बन्ध रहेको आरोपमा आफ्नो प्रतिबन्धित सूचीमा राखेर तिनीहरूको अन्तर्राष्ट्रिय गतिविधिहरूसँगै तिनीहरूको पूँजीहरूमाथि समेत प्रतिबन्ध लगाउन सक्छ।" आर्थिक गतिविधिका अतिरिक्त सेना एकपटक विध्वंशकारी हुन सक्छ। "त्यसले पाकिस्तानभित्र आक्रमणकारी गतिविधि विस्तार गर्न सक्छ। त्यसले पाकिस्तान-अफगानिस्तान सीमामा रहेको हक्कानी संगठनको सुरक्षित स्थलमाथि पनि आक्रमण गर्न सक्नेछ, जसको पाकिस्तान र अमेरिका माथि विपरीत प्रभाव पर्ने छैन।" सेना प्रमुख कमार जावेद बज्वा सजिलै काबूमा ल्याउन नसकिनेमा पाकिस्तान गर्व गर्दछ। वायुसेना प्रमुख भन्छन् पाकिस्तानी भू-भागभित्र आक्रमण गर्नेलाई उनले गोली हान्न सक्छ। अशान्ति मचाउनु राजनीतिक आवश्यकता हो दुश्मनहरूका लागि तर जे-जस्तो अमेरीकी आरोप भए पनि वास्तविकता चुनौतिपूर्ण रहेको छ। आन्तरिक रूपमा उनी चेतावनी यस प्रकार दिन्छन् :- "पाकिस्तान अहिले जस्तो कहिले पनि आन्तरिक रूपमा कमजोर र विभाजित रहेको थिएन। मूलधारका राजनीतिज्ञहरू संवैधानिक मतान्तरका कारण एक-अर्कासँग जझ्दै आएका छन्। सेनाले पक्षपात गर्दै आएको छ। न्यायालयले आफ्नै निर्णय पालन गर्न सकेको छैन। बलोचिस्तान र फाटा अशान्त रहेकोले अर्थव्यवस्था खुश्किन थालेको छ।" अदालतद्वारा निर्वाचित प्रधानमन्त्रीका कारण पाकिस्तानमा राजनीतिक अनिश्चितताको पाकिस्तानीहरूले अनुभूति गर्न थालेका छन्, जबकि निर्वाचनको समय आई सकेको छ। कसैले पनि विश्वासका साथ भन्न सक्दैन कि आम निर्वाचन समयमा सम्पन्न हुन्छ र सत्ता हस्तान्तरण स्वस्थ प्रकारले हुन्छ। हामीले यसलाई स्वीकार्नु पर्छ कि आफै युद्धमा होमिएको राष्ट्रले विश्वशक्ति विरूद्ध आफ्नो प्रभावकारी प्रतिरक्षालाई मुश्किलले नै जोगाउन सक्छ। 'सैनिक विद्रूयता' प्रति आलोचनात्मक टिप्पणी गर्दै भन्छन् - "पूर्व प्रधानमन्त्री नवाजशरीफ अरू कार्यरत रहेकाहरू भन्दा बढी भ्रष्टाचारी भएको कारण निर्वाचित गरिएका होइनन् कि उनी स्पष्टवक्ता रहेकाले निर्वाचित गरिएका हुन्। उनले सेनाको विकृत संरचनात्मक राजनीतिक स्वरूपले राष्ट्रिय सुरक्षा नीति अमेरिकातिर ढल्केको कारण पाकिस्तान क्षेत्रीय रूपमा अलग्गिनुका साथै अन्तर्राष्ट्रिय स्तरबाट समेत वञ्चित राखिएको दुखद अवस्थाको भर्त्सना गरेका थिए।"

सेनाको चीन प्रतिको बढ्दो आकर्षण प्रति चेतावनी दिँदै उनी भन्छन् कि पाकिस्तानको सदाबहार मित्र भनिने चीनले वास्तविकतालाई कहिले प्रतिष्स्थापित गर्न सक्दैन। त्यस्तै 'राष्ट्रिय सुरक्षा' को हकमा उनले शरीफको भनाईलाई यस प्रकार उद्घृत गरेका छन् :- "हामीले आफ्नो घर व्यवस्थित पार्न आफ्नो चरित्र तथा काम-कारबाहिहरू प्रति जवाफदेही हुनु पर्दछ र यो सम्झनु पर्छ कि हामीले राष्ट्रिय हितलाई अस्वीकार गर्छौं भने त्यो आफैलाई धोखा दिनु सरह हुनेछ जसले गर्दा पहिला जस्तै विखण्डितप्राय: हुन जाने छौं।" विदेशी हस्तक्षेपले पाकिस्तानमाथि अहिले आफ्नो कुदृष्टि बढाउन थालेको छ, त्यसैले अमेरिका र पाकिस्तानका सत्तासीनहरू तिनीहरूबाट सतर्क रहनु पर्दछ। बुश जुनियरको कार्यकालमा काबुल र बगदादमा अमेरीकी राजदूत रहेका अफगानी -अमेरीकी विद्वान तथा कूटनीतिज्ञ जालमे खालीजादले 'राष्ट्रिय हित' सम्बन्धमा 'अमेरीकी दोहरो खेल' सम्बन्धमा यस प्रकार टिप्पणी गरेका छन् :- पहिलो कुरा, आई.एस.आई. र व्यक्तिगत तवरले जुन पाकिस्तानी नागरिक गुप्तचरी गर्ने र आतंकवादीहरूलाई सघाउनमा संलग्न रहेका छन्, तिनीहरू र तिनका परिवारका सदस्यहरूमाथि अमेरिका भ्रमण गर्नमाथि प्रतिबन्ध लगाईनेछ र तिनीहरूको व्यक्तिगत सम्पत्ति जफत गर्न सकिनेछ। अमेरीकी गुप्तचर निकायहरू पाकिस्तानको आतंकवादी कार्यक्रममा संलग्न रहेका वरिष्ठ अधिकारीहरूमाथि छानबिन गर्न सक्षम रहेका छन्। संयुक्त राष्ट्रले आतंकवादका समर्थकलाई मुख्य व्यक्तिका रूपमा समेत घोषित गर्न सक्नेछ। वाशिंगठनले पाकिस्तानको नाटोको मुख्य सम्बद्धताको स्तरलाई समाप्त पार्न सक्छ र सैनिक प्रविधिको आदान-प्रदानमा प्राप्त हुने सहूलियतपूर्ण लाभ प्राप्त गर्ने प्राथमिकताबाट वञ्चित गरिनेछ। हरेक प्रकार सैनिक सहयोग निलम्बित गरिनेछ। दोस्रो कुरा, पाकिस्तानी भू-भागभित्र आतंककारीलाई लक्षित गर्दै अमेरीकाले एकपक्षीय सैनिक कारबाही गर्न सक्छ। एकातिर अमेरीकाले आक्रमक कारबाही र हमलाका लागि अलकयदा र पाकिस्तान तालिवानलाई आफ्नो कार्यक्रममा राखेकोछ भने संयुक्त संगठन र अफगानिस्तान विरूद्ध खुलश्त रूपमा बेला-बखत आक्रमक कारबाही गर्नेहरूमाथि समेत आक्रमण गरिनेछ। तेस्रो कुरा, पाकिस्तानले जबसम्म आतंकवादीहरूलाई सघाउने र सहयोग गर्ने पक्रियालाई परिवर्त्तित र परित्याग गर्दैन तबसम्म उसलाई आतंकवाद संचालक राष्ट्रको रूपमा घोषित गरिनेछ। त्यस्तो प्रतिबन्ध संचालित सहयोग, प्रतिरक्षा निर्यात र बिक्रि, दोहोरो निर्यात नीति र अन्य वित्तीय कारोबारहरूमाथि समेत लागू गरिनेछ। *एजेन्सीको सहयोगमा*

# सि.पि.इ.सी. मा सुरक्षा र मुख्य योजनाहरू छुटेको छ

सार्वजनिक स्तरमा चीनका अति महत्वकांक्षी अमेरीकी ४५ बिलियन डलरको योजना चीन-पाकिस्तान इकोनोमिक कोरीडोर (सि.पि.इ.सी.) जति नै गौरवशाली भनेर चिर्चित रहे पनि तीन महत्वपूर्ण आलोच्य विषयवस्तुहरू - सुरक्षा, सडक र बाँध जस्ता आयोजनाहरूमा सम्बन्धमा अहिले अवरोधित हुन पुगेको छ? त्यस योजनाका विभिन्न आयोजनाहरूमा संलग्न रहेका कम्पनीहरू र हुने सम्भावित आतंकवादी आक्रमणका कारण चीनद्वारा हालै दिईएको चेतावनी पाकिस्तानी नेतृत्वप्रति बेजिङ्गको घट्दो विश्वासको प्रतीक हुन आएको छ, जो सुरक्षाको दृष्टिले ज्यादै जरूरी रहेको थियो। त्यस योजनाको क्रममा चीनद्वारा जारी गरिएको चुनौति सबभन्दा गम्भीर प्रकृतिको रहेको छ। सुरक्षा सतर्कता सबभन्दा पछिल्लो गम्भीर अवरोधको रूपमा देखिन आएको छ। केही साता अघि मात्र चीनले भ्रष्ट क्रियाकलापले गर्दा त्यस योजना अन्तर्गतका तीन सडक आयोजनाका लागि वित्तीय सहयोग दिन बन्द गरी दिएको थियो। प्रभावित तीन आयोजनाहरू रायकोट देखि थाकोटसम्मको दूरी भित्रका २१० कि.मी. को 'देरा इस्मेल खान-जोब सडक, ११० कि.मी.को खुज्दार-बसीमा सडक र १३६ कि.मी. को काराकोरम राजमार्ग जोड्ने सडक' रहेका छन्। तर संचार माध्यमले बताए अनुसार चीनको निर्णयले आर्थिक सहयोग प्रदान गर्ने क्षेत्र अझ ठूलो र दबावमूलक प्रभाव पार्नेछ। यहाँ सम्म कि पाकिस्तानको आफ्नै निर्णयका कारण त्यस योजनामा अन्य अर्को अवरोधहरू पनि गम्भीर प्रकृतिकै देखिनेछन्। अहिलेसम्म पाकिस्तान, म्यान्मार र नेपालले त्यस राजमार्गमा पर्ने तीनवटा बाँधहरू निर्माण नगर्ने निर्णय गरेका छन्, जसको अनुमानित राशि अमेरीकी २० बिलियन डलर रहेको छ। पाकिस्तानले चीनको कडा वित्तीय शर्त्तका कारण अमेरीकी १४ बिलियन डलरको 'डैमर-भाषा योजना' बनाउन रद्द गरी दिएको छ भने चिनियाँ कम्पनीको वित्तीय अनियमितताका कारण नेपालले अमेरीकी डलर २.५ बिलियनको जलविद्युत आयोजना बन्द गर्ने निर्णय गरेको छ र त्यस्तै म्यानम्यारले यस वर्ष नोभेम्बरमा तीन वर्ष अघि गरेबो बाचालाई चीनले पूरा गर्न असमर्थता जनाएको कारण अमेरीकी डलर ३.६ बिलियनको जलविद्युत शक्ति केन्द्र निर्माण नगर्ने असहमति जनाई सकेको छ? चीनले 'ग्वादार फ्री ड्रेड जोन' क्षेत्रमा चीनले युआन मुद्रा प्रयोग गरेको मागलाई पाकिस्तानले नोभम्बरमा अस्वीकृत गर्नु पनि कम महत्वपूर्ण छैन? त्यो निर्णय हालै सार्वजनिक गरिएपपछि पाकिस्तानी विशेषज्ञ र संचारमाध्यमको चासोको विषय बन्न पुगेको छ र त्यही पाकिस्तानको लागि खतरनाक बन्न पुगेको छ र त्यही पाकिस्तानको लागि खतरनाक बन्न पुगेको छ। हालै जब संघीय बन्दरगाह र जहाजरानी मन्त्री मीर हासिल बिजेन्जोले ग्वादार बन्दरगाहबाट उठ्ने राजश्वको ९१ प्रतिशत चीनले प्राप्त गर्ने र ९ प्रतिशत मात्र ग्वादार बन्दरगाहका अधिकारीले प्राप्त गर्ने रहस्योद्घाटन गरेर सिनेटरहरूलाई शोकाकुल पारेका थिए, जो व्यवस्था आगामी ४० वर्ष सम्म कायम रहने समेत बताएका थिए? त्यस्तै अभिव्यक्ति रेल्वे मन्त्री खावजा साद रफीकले नोभेम्बरमा रेल्वेसम्बन्धी सिनेटको स्थायी समितिसमक्ष दिएका थिए, जसलाई एक स्थानीय समाचारपत्रले, चीन अनुकूल शर्त्तमा ऋण उपलब्ध गराउन ईच्छुक नरहेको कारण पाकिस्तान रेल्वेले चीनसँग अमेरीकी डलर ८ बिलियन ऋण त्यस अन्तर्गत नलिने समाचार सार्वजनिक गरेको थियो। सि.पि.इ.सी. योजनासँग सम्बन्धित देखा परेका त्रुटिहरू सम्बन्धमा स्टेट बैंक अफ पाकिस्तानको एक अध्ययनले पाकिस्तानबाट चीनमा संगमरमरको निर्यात र अर्धप्रशोधित रूपमा फेरि त्यसैको इस्लामाबादमा पुननिर्यात गर्ने कार्यले पाकिस्तानीको संगमरमर उद्योगलाई धेरै हदसम्म आघात पुऱ्याएको थियो। त्यस प्रतिवेदनलाई उद्धृत गर्दै सिंगापुरको नान्यांग प्राविधिक विश्वविद्यालयको एस. राजरत्नम् स्कूलको अन्तर्राष्ट्रिय अध्ययन केन्द्रका वरिष्ठ अधिकारी जेम्स दोर्सेले पाकिस्तानी मार्बल उद्योग सि.पि.इ.सी. योजना अन्तर्गत चीनको आर्थिक प्रभुत्व, पर्यवेक्षी राष्ट्र र पाकिस्तानी संचार माध्यम समेतलाई दीर्घकालसम्म चीनको वशीभूत रहने बताएका थिए। जसले यस क्षेत्रका देशहरू श्रीलंका, म्यान्मार र बलोचिस्तान राष्ट्र समेतलाई ठूलो आघात पुऱ्याउने समेत बताएका थिए।

हालै प्रकाशित एक विस्तृत लेख मार्फत श्री ढोर्सेले चीनले आफ्नो वित्तीय शर्तहरूमाथि मात्र ठूलो अडान लिएको छैन किन लक्षित देशहरूसमेतबाट आफ्नो लगानीको आर्थिक लाभ प्राप्त गर्ने लक्ष्य राखेको बताएका छन्। उनले त्यस वक्तव्यप्रति चिनियाँ विशेषज्ञहरूले सघाउने बारे समेत उल्लेख गरेका छन्। शंघाई इन्स्टीच्यूट फर इन्टरनेशनल स्टडीजका एक दक्षिण एशिया विशेषज्ञ झाओ गनचेन्गले पाकिस्तानले हालै असहमति जनाएको प्रसंगलाई उद्धृत गर्दै त्यसले म्यान्मार र नेपालका केही महत्वपूर्ण आयोजनाहरूलाई प्रभावित पार्ने चेतावनी साथ यो पनि उल्लेख गरेका छन् कि यो कुनै ठूलो आश्चर्यको कुरा हुने छैन कि चीनको भावी विदेशी योजनाहरूले सर्वत्र त्यस्तै प्रकारका समस्याहरू पैदा गर्ने छैनन्? त्यसैले चीनबाट छिमेकी सबै देशहरू सतर्क रहनु पर्ने परिस्थिति विचारणीय हुन आएको छ। *–एजेन्सी*

# अपाङ्गता क्षेत्रमा विशिष्ट काम गर्नेलाई भारतमा सम्मान

काठमाडौं। अपाङ्गताको क्षेत्रमा विशिष्ट काम गरे वापत भारतको इलाहावादमा नेपालका सन्तोष यादवलाई विशिष्ट सम्मान गरिएको छ। यादव सर्लाही जिल्ला स्थाई घर भै विगत १० वर्षदेखि समाजसेवा तथा मानव सेवा क्षेत्रमा कृयाशिल छन्। अपाङ्गता भएका वालवालिकालाई शिक्षा स्वास्थ्य पुनर्स्थापना वृद्ध वृद्धालाई सेवा पिछडीएका अपाङ्ग दलित महिला, मधेशी, शहरमा भएका गरिवलाई सिपमूलक तालिम दिई स्वरोजगार बनाउँदै काठमाण्डौ तिलगंगा -९, स्थित "अपाङ्ग, अनाथ बाल सचेतना नेपाल" नामक गैरसरकारी संस्थाका संस्थापक अध्यक्ष यादवलाई भारतमा विशिष्ट सम्मान गरिएको हो।



इलाहावादमा आयोजित विशेष समारोह विच 'अपाङ्गता स्वाभिमान' अर्थात विकलाङ्ग जनस्वाभिमान सम्मान २०१८ दिइएको हो। सो सम्मान कार्यक्रममा भारतिय सांसद, उच्च सरकारी अधिकारी, इलाहावाद जिल्लाका प्रमुख जिल्ला अधिकारी, पत्रकार, तथा विभिन्न देशका समाजसेवी सामाजिक अगुवा राजनीतिक दलका नेताहरूको उपस्थिती थियो।

२०३४ साल कार्तिक २२ गतेका दिन वुबा रामप्रित यादव आमा सकुन्तला देवी यादवको कोखबाट किसनपुर -५ सर्लाही जिल्लास्थित गरिव परिवारमा जन्मिनु भएका यादवको ३ वर्षको उमेरमा पोलियो रोगको कारण दुवै खुट्टा नचल्ने अवस्था भयो। त्यसपछि काठमाण्डौ जोरपाटी अपाङ्ग अस्पतालमा उपचार गरी केही ठिक भए पनि पूर्ण रूपमा ठिक नभएको कारण उहाँको जीवन दुःखमा नै वितिरहेको र उहाँले गलैंचा कारखानामा काम गर्दै अध्ययन गर्दै गर्दा जर्मनी दुतावासको एक कर्मचारी अनिता शेर्पाको सहयोगमा बुद्ध एकेडेमी जोरपाटीमा भर्ना कक्षा १० सम्म अध्ययण गर्नुभएको छ। उहाँ अहिले अपाङ्गता भएका त्यसमा पनि सुस्त मनस्थितिका १० जना वालवालिकालाई शिक्षा दिक्षा दिइँदै आउनु भएको छ। भने ३५ जना लाई वाल वालिका नियमित सरकारी विद्यालयमा अध्ययन गर्ने गरिवका छोराछोरीलाई नियमित छात्रवृति दिइरहनु भएको छ। उहाँले धनले मात्र होइन हृदयदेखि समाजसेवा गरेको कारण आफूले यो सम्मान प्राप्त गरेको बताउनुभयो। 'आजभोलि राम्रो कार्य गर्न खोज्दा खुट्टा काट्ने धेरै सहयोगको नाममा स्वार्थ पुर्ति गर्न आउने धेरै अपाङ्गलाई देखाएर सपाङ्गले आफ्नो पेट भर्ने जस्ता कार्य गर्नेगरेका छन्' उहाँले भन्नुभयो समाज परिवर्तन गर्नु छ भने म आफैंबाट सुरू गनर्नुपर्ने सिद्धान्त सहित यसै कार्यमा म सक्रिय छु।

## कैलाश पुग्ने चाहना

काठमाडौं। नेपाल, चीन र भारत जोड्ने नेपालको चैनपुर ताक्लाकोट नाका खुले त्यसको सबैभन्दा बढी फाइदा भारतलाई हुने जानकारहरूले बताएका छन्। ताक्लाकोट नाकाबारे भारतको देहरादुनमा शनिबार आयोजित कार्यक्रममा भारतीय अधिकारी, राजनीतिककर्मी तथा पर्यटन व्यवसायीले यस्तो बताएका हुन्। उनीहरूले यस्तो मार्ग सस्तो र छोटो पर्ने भएकाले भारतका लागि बरदान सावित हुने तर्क गरे। अधिकांश भारतीय हिन्दुहरू जीवनमा एक पटक कैलाश मानसरोवरको दर्शन गर्ने सपना देख्छन्।

## जिल्ला समाचार

### प्रदेश २ का सभामुख यादवद्वारा शपथ ग्रहण



जनकपुरधाम। प्रदेश नं. २ को सभामुखमा निर्विरोध निर्वाचित सरोजकुमार यादवले शपथ ग्रहण गरेका छन्। बुधबार प्रदेशप्रमुखको कार्यालयमा आयोजित शपथ ग्रहण समारोहमा प्रदेशप्रमुख रत्नेश्वरलाल कायस्थले शपथ ग्रहण गराएका छन्। शपथ ग्रहण समारोहमा राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुर, नवनियुक्त मुख्यमन्त्री मो. लालबाबु राउत गद्दी लगायतको सहभागिता रहेको थियो।

### सञ्चारकर्मी पासवानलाई पुरस्कार

वीरगंज। सातौं गोपाल गोतामे पत्रकारिता पुरस्कार सप्तरीबाट प्रकाशित कञ्चनपुर साप्ताहिकका सम्पादक भोलाकुमार पासवानलाई प्रदान गरिएको छ। नेपाल पत्रकार महासंघ, पर्सा शाखाको सभाकक्षमा पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठान, वीरगंजले आयोजना गरेको कार्यक्रममा वीरगंज महानगरका मेयर विजय सरावगीले १ तोला सुन मेडल, प्रमाणपत्रद्वारा पासवानलाई पुरस्कृत गरेका हुन्।




कार्यक्रममा बोल्दै मेयर सरावगीले आफ्नो जमानाको चर्चित पत्रकार गोपाल गोतामेको स्मरणमा प्रतिष्ठानले प्रदान गर्दै आएको पुरस्कारको सराहना गरे। उनले तत्कालीन अवस्थामा पञ्चायत शासनविरूद्ध लडेर जनमुखी पत्रकारिता गरेका गोपाल गोतामेलाई बिर्सन नसकिने बताए। उनले प्रतिष्ठानलाई जीवन्त राख्नको लागि आफनो तर्फबाट हुने सक्दो सहयोगको आश्वासन दिए। सांसद प्रदीप यादवले लोकतन्त्रको पक्षमा कलम चलाएर गोपाल गौतमले नाम कमाएको र पत्रकारिता पेशालाई उचाइ पुऱ्याएको बताउँदै उनको स्मरणमा स्थापित पुरस्कार पाउनु भनेको सौभाग्यको कुरा भएको बताउँदै पुरस्कृत पासवानलाई बधाई ज्ञापन गरेका थिए। उनले मूलधारमा पत्रकारिता गर्नेहरूको आर्थिक अवस्था कमजोर रहेको आफूले पाएको बताए।

### "नेपाल कम्युनिष्ट पार्टी" नाम हुने : नेपाल

कैलाली। नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भई निर्माण हुने पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी रहने बताएका छन्। कैलालीको टीकापुरमा आयोजितमा एक कार्यक्रममा शुक्रबार उनले एकता भएर नयाँ बन्ने पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी नेकपा हुने बताएका हुन्। उनले २००६ सालमा पुष्पलाल श्रेष्ठले स्थापना गरेको पार्टीको नेपाल कम्युनिष्ट पार्टी नै रहेकोले पार्टी एकतापछि पछाडि पुच्छर झुण्डिएर रहेको नाम हट्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मात्र रहने बताए।

### राति ट्रेक्टर चलाउन नपाइने

कपिलवस्तु। कपिलवस्तु जिल्लामा हालैका दिनहरूमा ट्रेक्टरहरूको कारणबाट राजमार्ग तथा अन्य मुख्य सडकहरूमा सडक दुर्घटना बढेको देखिएकोले कपिलवस्तु ट्राफिक प्रहरीले राति ७ बजेपछि बिहानसम्म राजमार्ग तथा मुख्य सडक खण्डमा ट्रेक्टर नचलाइ दिन आग्रह गरेको छ। ट्रेक्टरमा रातको समयमा चलाउन उपयुक्त लाइट नभएको, ट्रलिमा ब्रेक लाइट सिष्टम नभएकोले राती चलाउन चालकलाई समेत कठिनाई हुनाको साथै राति ट्रेक्टर गुड्दा खालि ट्रलिको आवाजले सडक आसपास बस्ने स्थानियवासीहरूलाई धेरै नै समस्यामा पारेको गुनासो आएपछि साँझ ७ बजे अगावै गन्तब्यमा पुग्न अनुरोध गरिएको जानकारी जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरूसिंगे कपिलवस्तुका प्रमुख प्रनि अमर बहादुर कार्कीले दिए।

### विन्दवासिनी गापाको प्रथम गाउँपरिषद्

वीरगन्ज। पर्सा जिल्ला विन्दवासिनी गाउँपालिकाको आ.व. २०७४/०७५ को लागि २१ करोड ५८ लाख ३९ हजार बजेट सार्वजनिक गरिएको छ। विन्दवासिनी गाउँपालिका स्थित बहुअर्वाभामा आयोजित गाउँपालिकाको प्रथम गाउँ परिषद् कार्यक्रमलाई सम्बोधन गर्दै उक्त गाउँपालिकाकी उपाध्यक्ष किरण देवी गुप्ताले उक्त गाउँपालिकाको विकासको लागि विभिन्न शिर्षकमा छुट्याइएको बजेटलाई सार्वजनिक गरेकी थिइन्। उनले नेपालको संविधान २०७२ को अनुसूचि ८ मा दिएको स्थानीय तहको सकल अधिकार सूचि तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकार समेत प्रयोग गरि यस सभामा आ.व. २०७४/०७५ को लागि बजेट सार्वजनिक गरिएको भन्दै चालु तर्फ ३ करोड ३० लाख, कृषितर्फ ४६ लाख, सामाजिक विकासतर्फ ७७ लाख, स्वास्थ्यतर्फ ४४ लाख, सँस्कृति विकासतर्फ ५ लाख, खेलकुद विकासतर्फ १५ लाख, खानेपानी तथा सरसफाईतर्फ ४७ लाख, लैंगिक समानता, सामाजिक सवलीकरणतर्फ २० लाख, दलित, एकल, महिला तथा अपाङतर्फ १५ लाख, पोलबत्तीतर्फ १० लाख, सञ्चार विकासतर्फ १५ लाख, विपद व्यवस्थापनतर्फ ३० लाख, मानव संसाधन विकासतर्फ २५ लाख, वित्तिय व्यवस्थापन तथा सुशासनतर्फ ११ लाख, कार्यालय पुँजीगततर्फ ७५ लाख तथा भौतिक पूर्वाधार तथा विकास निर्माणमा वडा नं. १ देखि ५ सम्म ९ करोड ५० लाख बजेट रकम सार्वजनिक गरिएको बताइन्।

### अभिमुखीकरण कार्यक्रम सम्पन्न

कपिलवस्तु। समुदाय क्षमता अभिवृद्धि कार्यक्रमको गाउँपालिकास्तरीय परियोजना अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। लुम्बिनी खिष्टियन समाज शाखा कार्यालय, कपिलवस्तुको आयोजना र युनाईटेड मिसन टु नेपालको सहयोगमा सो कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम यशोधरा गाउँपालिकामा बाल विवाह, जातिय तथा लैङ्गिक विभेदको न्युनिकरणका लागि योगदान गर्दै समुदायको सम्मानपुर्ण जिवन यापनका निम्ति सहायता गर्ने उद्देश्यका साथ उक्त परियोजना सञ्चालन गरिएको छ।

### बाल संजालले आन्दोलन गर्ने

चन्दनकुमार यादव, राजविराज। स्थानीय सरोकारवालाहरूले सहमति कार्यान्वयन नगरेको भन्दै नगर बाल संजालले आन्दोलन गर्ने चेतावनी दिएको छ। नेपाल पत्रकार महासँघ सप्तरी शाखामा आयोजित पत्रकार सम्मेलनमार्फत उनीहरूले स्थानीय प्रशासनले गत असोजमा आफूहरूले उठाएको माग १० दिनमा पूरा गर्ने सहमति गरे पनि हालसम्म कार्यान्वयन नगरेकोले आन्दोलनमा जाने बताए। बुधबार राजपिराज नगर बाल संजालका अध्यक्ष मोहम्मद जकाउल्लाहले पत्रकार सम्मेलनमा बालबालिकाहरूको हकअधिकारको वारेमा १४ बुँदे मागसहित असार ३ गते रिले अनसन बसेको बताए। त्यसपछि असोज १८ गते अनसन बसेपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी नगरप्रमुख शम्भु यादव, जिल्ला शिक्षा अधिकारी डोलराज पाण्डे लगायत विद्याथी संगठनहरूले १० दिनभित्र माग पूरा गर्ने सहमति पछि अनसन स्थगन गरेका थिए, जकाउल्लाले पत्रकार सम्मेलनमा बताए।


भावावेशका रथ यात्री ती मधेशीहरूलाई सम्झाउन सकिएन जो अझै अपत्यार गरिरहेका छन् कि राजपा र फोरमहरू सरकारमा जान्छ। ओलीजीले यौटा फाल्टु चिर्कुट लेखि दिनुको त ढिलो हो नि। **जेपी गुप्ता**


माओवादीका नेताहरू एमालेमा विलिन हुन आतुर छन। एमालेको जस्तो रहन-सहन, खानपिन र आयमूलक राजनीतिले ती नेताहरू आकर्षित छन। प्रचण्डले रोके पनि ती रोकिदैनन्। यही हो राज्य र राज्यको रूपान्तरण। **किशोर नेपाल**


पत्रकारका लागि प्रदेश २ न्युज मेकर हुने कुरा मैले अस्ति त्यहाँका पत्रकारहरूसँगको छोटो प्रशिक्षणमा राखेको थिएँ। नभन्दै कुन कुन युद्ध र आन्दोलनका फोटो राख्ने भन्ने फण्डाले कम्तिमा चारवटा समाचार दिइसक्यो। प्रदेश सरकार गठन हुँन त अझ बाँकी नै छ। **मात्रिका पौडेल**


प्रदेश २ मा जुन काम धुर्मुस-सुन्तलीले गरेका छन् त्यो काम मधेश फाउन्डेसनको नाममा तुलानारायण साह र तराई संजालको नाममा दिपेन्द्र झाले गर्नुपर्ने हो। अनि विजय कर्णले त्यसलाई संरक्षण तथा सिके लाल, राजेश अहिराज र प्रसान्त झाको बेला-बेलामा विश्लेषण आउनुपर्ने हो। **विरेन्द्र के.एम**


मिलेसम्म बाबुको थरबाट, नमिले पतिको थरबाट समानुपातिक संसदमा जागिर खान जाने र मन्त्रीसम्म बन्न पाउनुपर्ने अडान राख्ने। तर, नारीअधिकारको लागि राजनीति गर्दै छौं भन्न चाहिँ नछोड्ने। **संगीता रेग्मी**


हिन्दी किन भनेर म पनि भन्ने गर्थें। मैले इन्ट्रनसीप गरेको अस्पतालमा आउने तराईका अधिकांश बिरामीले नेपाली राम्ररी बुझ्दैनन् तर हिन्दिमा मज्जाले कुरा गर्छन्। कति बिरामीसँग कुरा गर्न हिन्दी राम्रो बोल्ने साथिको सहयोग लिएको छु। **अरूण उप्रेती**


दुई नम्बर प्रदेशको तुलनामा एक नम्बर प्रदेशको मधेशीहरू हरेक क्षेत्रबाट अगाडि छन्। दुई नम्बर प्रदेश गरीबीको चपेटामा दयनीय बन्दै गएको छ, यतातिर ती प्रदेशका बुद्धिजीवी भनाउँनेहरूको ध्यानाकर्षण नभएर मध्य प्रदेश र लाल प्रतीवेदन बुझाउँदै व्यस्त देखिन्छन्। **सन्तोषी साह**


चौधरी, गोल्छा, दुगडलाई मधेशी कोटामा सांसद बनाउनु वर्गीय रूपमा हास्यास्पद हो। तर, यी व्यापारीहरूलाई राजस्थानी र भारतीय भन्नु अन्यायपूर्ण हो। ३/४ पुस्ता भन्दा लामो समयसम्म नेपाललाई नै घर बनाउँदा पनि उनीहरू भारतीय भईराख्ने ? आम मधेशी र मारवाडीलाई हेर्ने पहाडी आँखा एउटै रहेछ नी। **श्रेय पौडेल**

## पर्यटन प्रवर्द्धन हेतु दिल्ली यात्रा



काठमाडौं। नेपाल-भारत मैत्री संघ केन्द्रीय कार्य समितिको ४१ सदस्यीय टोलीले २०-२४ माघसम्म भारतको नयाँदिल्ली भ्रमण गरेको थियो। यस भ्रमणको मूल उद्देश्य दुई देशबीचमा धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्न सरकारी क्षेत्रको ध्यानाकर्षण गराउने प्रयास थियो। यस उद्देश्यको साथ नयाँदिल्ली पुगेको टोलीले नयाँ दिल्लीमा बारह खम्बास्थित नेपाली दूतावासमा कार्यवाहक राजदूतसँग छलफल र विचार विमर्श गर्यो। तत्पश्चात भारत सरकारका विदेश राज्यमन्त्री जनरल बीके सिंहलाई भेट्न नेपाली टोली साउथ ब्लक पुगेको थियो। भारतीय विदेश राज्यमन्त्री सिंहले नेपाल-भारत मैत्री संघका अध्यक्ष राजकुमार सिन्धीको नेतृत्वको टोलीलाई स्वागत गर्दै भने, 'नेपाल भारत बीचमा पुरातन सम्बन्ध छ र यो सम्बन्ध आगामी दिनमा पनि यस्तै सुमधुर बनिरहन्छ। भारत सधैं नेपालको सहयोग गदर्छ र आगामी दिनमा पनि सहयोग निरन्तर रहन्छ।'

अध्यक्ष सिन्धीले आफ्नो टोलीको नयाँदिल्ली भ्रमणको उद्देश्य स्पष्ट पारे। हाम्रो देशमा चार प्रमुख धार्मिक दृष्टिले अति महत्वपूर्ण पर्यटकिय क्षेत्र जनकपुर, स्वर्गद्वारी, मुक्तिनाथ र लुम्बिनीमा भारतीय धार्मिक पर्यटकहरूको अत्याधिक संख्यामा भित्राउनका लागि तमिलनाडु सरकारले मुक्तिनाथ नेपाल धार्मिक पर्यटनमा जानेहरूका लागि निश्चित धनराशि दिँदै आएको छ। यसैगरी भारत सरकार, बिहार, उत्तर प्रदेश, गुजरात र उत्तराखण्ड सरकारले पनि माथि उल्लेखित पर्यटकीय स्थलमा जानेहरूका लागि सुविधा रकम व्यवस्था भएमा नेपाल-भारत सम्बन्ध र धार्मिक पर्यटन प्रबर्द्धन हुनेछ। जसले नेपालमा भारतीय पर्यटक हरूको आवाागमन बढ्छ र दूई देशको बीच आर्थिक, धार्मिक र भावनात्मक सम्बन्धमा पनि वृद्धि हुन जान्छ जसले दुई देश बिचको आपसि सम्बन्धमा पनि कोसेढुंगा साबित हुन जान्छ। भारतीय विदेश मन्त्रीले यस सम्बन्धमा आफ्नो तर्फबाट भरसक प्रयास गर्ने आश्वासन दिइन्। अध्यक्ष सिन्धीले पशुपतिनाथको प्रसाद, रूद्राक्ष र एउटा पशुपतिनाथ मंदिरको प्रतिमा मन्त्रीको भेटस्वरूप दिए।

## प्रदेश २ का सञ्चारकर्मीहरूको परिचयात्मक कार्यक्रम



काठमाडौं। प्रदेश नं. २ बाट काठमाडौं आई पत्रकारिता गर्ने सञ्चारकर्मीहरूको एक परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ। प्रदेश २ सञ्चारकर्मीहरूबीच परिचय, प्रदेश २ को विकास तथा समृद्धिका लागि सञ्चारकर्मीहरूले खेल्नुपर्ने भूमिका, प्रदेश २ का सम्भावना र चुनौती लगायतका विषयलाई जोडदार तरिकाले उठान गर्नुपर्ने उद्देश्यका साथ भेला आयोजना गरिएको थियो।

सो परिचयात्मक कार्यक्रममा विभिन्न मिडियाहरू कार्यरत् प्रदेश २ का सञ्चारकर्मीहरूको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रममा सञ्चारकर्मीहरूले प्रदेश २ को समृद्धिका लागि त्यहाँ रहेका सम्भावनाहरूबारे आआफ्नो सञ्चारमाध्यमबाट उजागर गर्नुपर्ने आवश्यकता औंल्याएका थिए।




## उपसभामुखमा फोरमकी उपमा देव



जनकपुरधाम। प्रदेश २ को उपसभामुखमा संघीय समाजवादी फोरमकी सांसद उपमाकुमारी देव निर्विरोध निर्वाचित भएकी छन्। सप्तरीकी देव समानुपातिक सांसद हुन्। उपसभामुखका लागि संसद सचिवालयले प्रकाशन गरेको सूचनाको समयावधि भित्र देवको मात्र उम्मेदवारी परेकोले उनी निर्विरोध निर्वाचित भएकी हुन्। फोरमका सांसद् ज्ञानेन्द्र यादवले प्रस्ताव गरेको देवलाई राष्ट्रिय जनता पार्टी नेपालकी सुरिता साहले समर्थन गरेकी थिइन्। शुक्रबार बस्ने प्रदेशसभा बैठकले उपसभामुख निवा्चित भएको घोषणा हुने सांसद सचिवालयको कार्यालयले जनाएको छ।

## गोरखपुर लिटरेरी फेस्टिबलमा नेपाली सहभागिता



काठमाडौं। १० र ११ फरवरी २०१८ को गोरखपुरको गोरखपुर विश्वविद्यालय, उत्तर प्रदेश, भारतमा 'गोरखपुर साहित्य समागम' को प्रथम संस्करण सम्पन्न भएको छ। जसमा भारतका प्रख्यात साहित्यकार, मनीषी, फिल्मकारसँगै सार्क देश नेपालबाट साहित्यकार र द पब्लिकको संपादक वीणा सिन्हा, नेपालमा मालवीय मिशन प्रमुख योगाचार्य गोरखनाथ सरस्वती र नेपाल भारत पुस्तकालयको प्रमुख महेशचन्द्र शर्माको उपस्थिति थियो।

कार्यक्रमको आयोजना हर्षवर्द्धन फाउंडेसनले गरेको थियो। प्रथम सत्रको उद्घाटन भारतका साहित्य अकादमीको अध्यक्ष प्रो. विश्वनाथ तिवारीले गरेका थिए। दुई दिवसीय यस कार्यक्रमको प्रथम दिनको प्रथम सत्रमा नेपाल भारत सम्बन्धमा परिचर्चा भएको थियो। जसमा प्रो. रामदेव शुक्ल, प्रो. चितरंजन मिश्र, डा. मन प्रसाद सुब्बा, वीणा सिन्हा र योगाचार्य जीएन सरस्वतीको सहभागिता रहेको थियो। कार्यक्रमको संचालन हर्षवर्द्धन फाउण्डेशनका अध्यक्ष आनन्द वर्धन सिंहले गरेका थिए।

यस सत्रमा वीणा सिन्हा र योगाचार्य जेएन सरस्वतीले आ-आफ्नो विचार पनि व्यक्त गरेका थिए। वीणा सिन्हाले नेपालमा हिन्दीको प्राचिनकालदेखि वर्तमान स्थितिको सम्बन्धमा जानकारी दिए र नेपाल-भारतबीच सम्बन्ध सुमधुर बनाउनका लागि द पब्लिकको योगदान बारे चर्चा गरिन्। द्वितीय सत्र ११ फेब्रुअरी को समापन सत्रको उद्घाटन भारतको केन्द्रीय वित्त राज्यमन्त्री शिव प्रताप शुक्लले गरेका थिए।



## जानकी र नेशनल मेडिकलले मनोमानी गऱ्यो

काठमाडौं। प्रदेश नं. २ को राजधानी जनकपुरधाममा रहेको जानकी मेडिकल कलेज र वीरगन्जमा रहेको नेशनल मेडिकल कलेजले मापदण्डविरूद्ध सञ्चालनमा रहेको र मनोमानी तरिकाले शुल्क लिइरहेको आरोप मधेशी विद्यार्थी गठबन्धनले लगाएको छ। मधेशी विद्यार्थी गठबन्धनले शनिबार एक विज्ञप्ति जारी गरी ती दुवै कलेजले मापदण्डविपरीत मनोमानी तरिकाले सञ्चालन गरेको तथा जनताको ढाड सेक्ने गरी सरकारले तोकेभन्दा बढी शुल्क लिइ विद्यार्थी विद्यार्थी भर्ना गरिरहेको भन्दै आपत्ति जनाएको छ। संघीय समाजवादी फोरम नेपाल निकट समाजवादी विद्यार्थी फोरम र राष्ट्रिय जनता पार्टी नेपालनिकट राजपा विद्यार्थी संगठनले सरकारले तोकेको मापदण्ड पूरा गर्न तथा शुल्क सम्बन्धी नियमअनुसार भर्ना लिनका लागि आग्रह गरेका छन्। नियमविपरीत मनोमानी गरे संघर्ष गर्न बाध्य हुने र त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवार सम्बन्धित कलेजहरू नै हुने चेतावनी दिएको छ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं